मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ | अंक २१९ | २०८० साल असार ०५ गते मंगलबार | Tuesday 20, June 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

# चार राजनीतिक दलको मोर्चाबन्दी
# 'समाजवादी मोर्चा' घोषणा




**मधेशदृष्टि**
**जनकपुरधाम।**
संविधान प्रदत्त समाजवाद स्थापना गर्ने लक्ष्यका साथ विभिन्न चार राजनीतिक दलले सोमबार समाजवादी मोर्चा नेपालको घोषणा गरेका छन् । राष्ट्रियसभा गृहमा एक कार्यक्रमको आयोजना गरी नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाल र नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीका शीर्ष नेताले अवधारणापत्रमा हस्ताक्षर गर्दै मोर्चा घोषणा गरिएको हो।

अवधारणापत्रमा प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव र नेकपाका महासचिव नत्रविक्रम चन्दले हस्ताक्षर गरेका छन् । नेपाली मौलिकतासहितको समाजवाद स्थापना गर्ने र नेपालको संविधानको रक्षा, कार्यान्वयन र विकास गर्ने, विभेदरहित समाज स्थापना गर्ने लक्ष्यसहित मोर्चा गठन गरिएको जसपाका नेता राजेन्द्र श्रेष्ठले जानकारी दिए।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरण गर्दै नेपाली समाजवादको बाटो तय गर्ने, वर्गीय तथा क्षेत्रीय विभेदको अन्त्य गर्ने, मानव विकास सूचकाङ्कमा पछाडि परेका मधेस, कर्णाली र सुदूरपश्चिम प्रदेशलाई प्रमुख प्राथमिकता राख्ने, जनताको नागरिक तथा आर्थिक अधिकारको संरक्षण, वित्तीय एकाधिकार तथा दलाल पूँजीवादी अर्थव्यवस्थाको विकल्पमा समाजवादी अर्थतन्त्रको आधार तयार पार्ने मोर्चाको उद्देश्य रहेको छ। यस्तै, आन्तरिक र बाह्य लगानीमैत्री वातावरण निर्माण गरी देशलाई औद्योगिकीकरण गर्ने, वैदेशिक रोजगारीबाट पूँजी र प्रविधिसहित फर्केका नेपालीलाई देशभित्र रोजगारमूलक व्यवसाय गर्न प्रोत्साहित गर्ने र उत्पादनका क्रियाकलाप वृद्धि गरी रोजगारी प्रदान गर्ने र गरिबी उन्मूलन र रोजगार प्रवर्द्धनको क्षेत्रहरूमा लगानी बढाउन तीनवटै तहको सरकारहरूलाई क्रियाशील बनाउने मोर्चाको उद्देश्य रहेको छ।

त्यस्तै, मोर्चाले वैज्ञानिक भूउपयोग नीति लागू गर्दै कृषि क्रान्तिको माध्यमबाट कृषिको औद्योगिकीकरण, व्यवसायिकीकरण र आधुनिकीकरण गरी कृषिमा निर्भर श्रमजीवी जनताको जीवनस्तर सुधार, समृद्ध र समुन्नत बनाउने, ऊर्जा, जलस्रोत, वन, उद्योग, वाणिज्य, पर्यटन, सूचना (प्रविधि, भौतिक पूर्वाधार, यातायातलगायत क्षेत्रलाई आर्थिक समृद्धिको संवाहकका रूपमा विकास गर्ने योजना तय गरेको छ। शिक्षा, स्वास्थ्यजस्ता सामाजिक क्षेत्रहरूको रूपान्तरणका लागि राज्यले प्राथमिकता दिने उद्देश्य राखेको मोर्चाले सबैका लागि गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा, रोजगार, सामाजिक सुरक्षा र आवासमा पहुँचको प्रत्याभूति गराउने एवं शिक्षालाई जनताको पहुँचभित्र राख्न सामुदायिक शिक्षा प्रभावकारी बनाउँदै प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने भएको छ। जलवायु परिवर्तन, वातावरणीय प्रदूषण र प्राकृतिक विपत्का कारण उत्पन्न नकारात्मक असरलाई नियन्त्रण गर्ने, जैविक विविधता र पर्यावरणको संरक्षण गर्ने मोर्चाको योजना छ।

त्यस्तै, गुणस्तरीय सेवा प्रवाहका लागि सार्वजनिक प्रशासन चुस्त दुरुस्त बनाउने, अनुगमन र मूल्याङ्कनको परिपाटी स्थापित गर्ने, योजना तर्जुमा गर्ने, शासकीय सुधार गर्ने तथा देशमा देखापरेको अनियमितता, प्रशासनिक ढिलासुस्ती, भ्रष्टाचार, कमिसनतन्त्रजस्ता अपराध र विकृतिलाई नियन्त्रण गरी जनतालाई सदाचार र सुशासनको प्रत्याभूति गराउने भएको छ। सङ्घीयताको प्रभावकारी कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीयतहका सरकारहरू बीचको क्षेत्राधिकारलाई स्पष्ट पार्ने, देशको राजस्व तथा स्रोत साधनहरू सन्तुलित र न्यायोचित रूपमा बाँडफाँट गर्ने र राज्यका तर्फबाट प्रदान गरिने सेवासुविधाहरू जनतामा पुर्‍याउन प्रदेश तथा स्थानीय तहलाई सक्षम बनाउँदै सङ्घीय समाजवादी प्रणालीलाई समृद्ध गर्ने भएको छ।

देशको स्वाधीनता, सार्वभौमसत्ता र राष्ट्रिय हितको रक्षा गर्न एवं जनताको समृद्धिका लागि संयुक्त राष्ट्रसङ्घको बडापत्र र पञ्चशीलको सिद्धान्तलाई आधार मानी स्वतन्त्र, असंलग्न र सन्तुलित परराष्ट्र नीति

बाँकी पृष्ठ २ मा

# ढुवानी सेवा अनिश्चितकालका लागि बन्द



**मधेशदृष्टि**
**वीरगंज।**
ट्रान्सपोर्ट व्यवसायीले वीरगंजबाट हुने खुद्रा तथा फुलट्रीप ढुवानी अनिश्चितकालका लागि बन्दको घोषणा गरेको छ। ढुवानीको क्रममा हुने विभिन्न समस्याको समाधानको पहलमा सम्बन्धित निकायले उदासिनता देखाएपछि ट्रान्सपोर्ट व्यवसायीहरुले मंगलबारदेखि ढुवानी अनिश्चितकालका लागि बन्दको घोषणा गरेका हुन् ।

वीरगंजको आदर्शनगर स्थित ट्रान्सपोर्ट एशोसिएशनको कार्यालयमा सोमबार बसेको बैठकले सामान ढुवानीको क्रममा उत्पन्न हुने समस्याहरु हल गर्न स्थानीय प्रहरी प्रशासन र राजस्व अनुसन्धान विभागले कुनै पहल नगरेकोले खुद्रा तथा फुलट्रीप ढुवानी सेवा अनिश्तिकालका लागि बन्द गरिएको एशोसिएशनका सचिव नवराज अधिकारीले जानकारी दिए ।

ढुवानी सेवाको क्रममा प्रहरी र राजस्व विभागबाट हुने व्यवहारको कारण मर्कामा परेको ट्रान्सपोर्ट व्यवसायीहरुको गुनासो छ। ढुवानी समस्या समाधानका लागि व्यवसायीहरु गत शुक्रबाट पर्साका प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयलाई ज्ञापन पत्र बुझाएको थियो । ज्ञापनपत्र बुझाएकै दिन एशोसिएशनले पत्रकार सम्मेलन गरि राजस्व र प्रहरीले दिदै आएको अनावश्यक दुःखको समाधान नगरे ढुवानी सेवा बन्द गर्ने चेतावनी समेत दिइएको थियो । तर हालसम्म सम्बन्धित निकायबाट कुनै किसिमको पहल नभएपछि बाध्य भएर अनिश्चितकालका लागि ढुवानी सेवा बन्दको घोषणा गरिएको सचिव घिमिरेले जानकारी दिए ।




उनका अनुसार सामानहरु कानूनसम्मत रुपमा ढुवानी गर्दै आएपनि प्रहरीले अनावश्यक रुपमा बिलबिजक नै नभएको जस्तो दुर्व्यवहार गरि अनुसन्धानका नाममा राजस्व तथा भन्सार कार्यालयमा पठाउने गरेको बताए । राजस्व अनुसन्धानबाट हुने माल सामानको चेकजाँच, भौतिक परीक्षण, क्रेता बिक्रेताको खातापाना, स्टक, कर तिरेको नतिरेकोबारे अनुसन्धान तथा उद्योग र पसल निरीक्षण समेत माल सामान सहितको ट्रक समातेको बखतमा मात्र हुने गरेको छ ।

बिलबिजक भएका सामान समेत राजस्व अनुसन्धानमा चेकजाँच गराउँदा १० देखि १२ दिनसम्म लाग्ने गरेको छ । यसबाट व्यवसायीहरुले अनावश्यक रुपमा झनझट खेप्नु परेको उनको भनाई

बाँकी पृष्ठ २ मा



मधेश प्रदेशकै विशेषज्ञ अस्पतालको रुपमा स्तरउन्नति भएकोमा यस अस्पतालका सम्पूर्ण चिकित्सक, कर्मचारी तथा शुभचिन्तकहरुमा हार्दिक बधाई छ ।

हाम्रा सेवाहरू :-
कैथलैबबाट मुटुसम्बन्धी सम्पूर्ण ईलाजमा रु. एक लाखसम्म छुट
चोटपटक लागि न्यूरो सर्जरी ईलाजमा रु. एक लाखसम्म छुट
MRI, CT SCAN
फ्री डाईलाइसिस सेवा
स्वास्थ्य वीमा कार्यक्रम
आमा सुरक्षा कार्यक्रम अन्तर्गत फ्री प्रसूति सेवा



वीरगंज हेल्थ केयर अस्पताल
बहुअरी, वीरगंज महानगरपालिका-१४
सम्पर्क नं.: ९८१४२९२००४
info@bhchospital.com
www.bhchospital.com

# फिल्म आदिपुरुषले नेपालमा ल्याएको हलचल
# नेपाली सम्वेदनामाथि भारतीय हस्तक्षेप

**मधेशदृष्टि**
**जनकपुरधाम।**
भरखरै रिलिज भएको भारतीय फिल्म आदिपुरुषले नेपाल भारतको रोटी बेटीको सम्वन्धमा पुनः अड्चन ल्याउने प्रयास गरिएको छ। मिथिलाकी छोरी सीतालाई भारतकी छोरी भनेर फिल्मको संवादमा राखिएपछि नेपालमा फिल्मलाई प्रर्दशनबाट रोकिएको छ। झन फिल्मका संवाद लेखक मनोज मुन्तसिरले नेपाल भारतबाटै अलग भएको भनेर वयान दिएपछि नेपालमा आदिपुरुष फिल्म विरुद्ध जनमानस तांतेको छ।

भारतमा चलचित्र आदिपुरुषलाई लिएर विवाद भएपछि नेपालको राजधानी काठमाडौंका मेयरले सबै भारतीय चलचित्र प्रतिबन्ध लगाउने घोषणा गरेका छन् । चलचित्रमा सीतामाथि खिचिएको दृश्यलाई लिएर नेपाली जनता आक्रोशित छन् ।

नेपालका मेयर बालेन्द्र साहले तीन दिनभित्र फिल्म सुधार गर्न निर्मातालाई चेतावनी दिएका थिए। यसपछि काठमाडौंमा भारतीय चलचित्र प्रतिबन्ध लगाइएको छ। असार १८ गते मेयर बलेन शाहले काठमाडौंका सबै सिनेमा हललाई आदिपुरुष फिल्मको प्रदर्शन रोक्न निर्देशन दिएका थिए। फिल्मको एक संवादमा सीतालाई भारत माताकी छोरी भनिएको छ। मेयर साहले फिल्मको यो संवादलाई भ्रामक भनेका छन्। सीता पौराणीक मिथिलाका राजधानी



जनकपुरधामका राजा जनककी छोरी थिइन्। मेयर साहले १५ जुनमा ट्वीट गर्दै दक्षिण भारतीय फिल्म आदिपुरुषमा समावेश 'जानकी भारत की बेटी है' संवादलाई नेपाल र भारतमा सच्याउन नसकेसम्म काठमाडौं महानगरमा हिन्दी भाषा सुन्न नसक्ने बताएका थिए। "फिल्म चल्न दिइने छैन। यसलाई मिलाउन तीन दिनको समय दिइएको छ। असार १८ गते फिल्ममा रोक लगाउने क्रममा साहले भने, 'तीन दिनअघि हामीले आदिपुरुषका निर्मातालाई आपत्तिजनक अंश हटाउन आग्रह गरेका थियौं। यसमा जानकीलाई



भारतकी छोरी भनिएको छ। नेपालको सार्वभौमसत्ता, स्वाधीनता र स्वाभिमानको रक्षा गर्नु नेपालका हरेक सरकारी, गैरसरकारी संस्था र नागरिकको पहिलो दायित्व हो। फिल्मको विवादित भाग सच्याउञ्जेल काठमाडौं क्षेत्रमा कुनै पनि भारतीय चलचित्र प्रदर्शन गर्न दिइने छैन।नेपालको संविधानको धारा ५ र ५६ मा राष्ट्रिय हितको रक्षा गर्ने दायित्व मुलुकका सबै संघ, प्रदेश र स्थानीय प्रशासनको रहेको उल्लेख गरे। उनले यो चलचित्रले 'नेपालमा सांस्कृतिक अतिक्रमण गरेको' बताए। चलचित्र आदिपुरुषलाई लिएर नेपालमा मात्रै विवाद छैन। भारतमा पनि फिल्मलाई प्रतिबन्ध लगाउन माग भइरहेको छ। चलचित्रमा आपत्तिजनक संवाद प्रयोग गरिएको दर्शक तथा हिन्दु कार्यकर्ताको आरोप छ।

यता सेन्सर बोर्डले समेत यस विषयमा आपती जनाएको छ। चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसीले शुक्रबार विज्ञप्ति जारी गर्दै 'नेपालको ऐतिहासिक पात्रलाई खेलाइएको हुनाले 'जानकी भारतको बेटी हे' संवादलाई विश्वको जुनसुकै कुनामा गए पनि त्यसप्रति कडा आपत्ति जनाउँछौं।विज्ञप्तिमा भनिएको छ, 'नेपालको स्वाधीनता, सम्पदा, सिमानालगायतका विषयमा त्रुटिपूर्ण दृश्य वा संवाद देखाउने विश्वका कुनै पनि चलचित्रलाई चलचित्र विकास बोर्डले आफ्नो मोहर लगाउनु मान्य हुँदैन।

**मनोज मुन्तासिरको बयानपछि विवाद**
फिल्मका संवाद लेखक मनोज मुन्तासिरले भारतीय टेलिभिजन च्यानल आजतकसँग कुरा गर्दै नेपालमा भइरहेको विवादबारे स्पष्टिकरण दिँदै 'फिल्ममा जुन दृष्य देखाइएको छ, त्यो बेला नेपाल भारतको भूभाग भएको' बताए। मनोज मुन्तासिरले भने, 'म नेपालको विरोध बुझ्न सक्दिन। जब यो कथा भयो, नेपाल भारतको हिस्सा थियो। सीतालाई भारतकी छोरी भनिरहेका छौं भने कुन नेपाल भारतभन्दा फरक थियो। नेपाल सन्

बाँकी पृष्ठ २ मा

# जसपा मधेश प्रदेश उपाध्यक्षसहित ६ जनालाई कारवाही



**मधेशदृष्टि**
**राजविराज ।**
प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा अन्तरघात गरेको अभियोगमा सत्तारुढ जनता समाजवादी पार्टी नेपालले सप्तरीमा ६ जनामाथि कारबाही गरेको छ ।
मधेश प्रदेश समितिका उपाध्यक्ष शम्भु कुमार झा, सदस्य सत्यनारायण यादव, जिल्ला कार्याकारिणी समिती सदस्य निरज कुमार झा लगायतमाथि पार्टी विरोधी गतिविधि गरेको आरोपमा कारबाही गरेको हो ।
जसपा मधेश प्रदेशका उपाध्यक्ष झालाई पदमुक्त गरिएको छ भने सदस्य सत्यनारायण यादवलाई साधारण सदस्य समेत नरहने गरी कारबाही गरिएको जनाइएको छ ।
पार्टीको केन्द्रिय समितिले कारबाहीको सिफारिस गर अनुसार प्रदेश समितिको बसेको बैठकबाट झा र यादवलाई कारबाही गरिएको जसपा मधेश प्रदेश समितिले जनाएको छ । उनीहरुमाथि निर्वाचनको समयमा पार्टीका आधिकारिक उम्मेदवारलाई नसघाएको आरोप लगाइएको छ ।
त्यस्तै जसपा सप्तरी जिल्ला कार्यकारिणी समिति सदस्य निरज कुमार झालाई पदमुक्त गरिएको छ भने विष्णुपुर गाउँपालिका वडा नम्बर ६ का उपाध्यक्ष विरेन्द्र कुमार रामलाई साधारण सदस्य समेत नरहने गरि पार्टीबाट निष्कासन गरिएको छ ।
त्यस्तै केन्द्रिय समितिको पत्र अनुसार जिल्ला बैठकबाट उनीहरुलाई कारवाही गरिएको जसपा सप्तरीले जनाएको छ । उनीहरुमाथि पार्टी अनुशासन विपरीत कार्य गरेको आरोप लागेको छ । त्यस्तै छिन्नामस्ता गाउँपालिकाका अध्यक्ष महेश कुमार यादव र डाक्नेश्वरी नगरपालिकाका उपाध्यक्ष ओम प्रकाश यादवलाई चेतावनी सहितको पत्र दिने भएको छ ।
केन्द्रिय परिपत्र अनुसार उनीहरुलाई चेतावनी सहितको पत्र पठाउने निर्णय भएको सप्तरी जिल्ला बैठकमा सहभागी एक नेताले बताए ।
निर्वाचनमा घात अन्तरघात गरेको भनि उजुरी परेपछि पार्टी केन्द्रिय कार्यकारिणी समिति सदस्य शिवलाल थापको नेतृत्वको छानविन समितिले उनीहरुले पार्टी अनुशासन विपरीत कर्य गरेको भन्दै पार्टी केन्द्रिय कार्यालयमा प्रतिबेदन बुझाएको थियो ।
पार्टी केन्द्रिय समितिको बैठकको निर्णय अनुसार जिल्ला तथा प्रदेश समितिलाई कारवाही गर्न परिपत्र गरेको थियो ।

# बुवा गुमाएका बालबालिकालाई सहयोग




**मधेशदृष्टि**
**सर्लाही।**
सर्लाहीको हरिपुरमा बुवा गुमाएका ८६ जना बालबालिकालाई शैक्षिक सामग्री र आर्थिक सहयोग गरिएको छ।
स्थानीय समाज विकास केन्द्र हरिपुर नगरपालिका वडा नम्बर १ स्थित हजारविघाले हेल्पिङ ह्याण्ड फर रिलिफ एण्ड डेभलभमेन्टसँग सहकार्य गरी बुवाको निधन भइसकेका बालबालिकालाई पठनपाठन सामग्री र आर्थिक सहयोग गरेको हो।
नगरभित्रका विभिन्न सरकारी विद्यालय तथा मदरसामा अध्ययन गरिरहेका ती बालबालिकालाई कापी, कलम, जोमिट्री बक्स, पानी खाने बोतल, छातालगायतका पढने सरसामग्री र जनही ६ हजार रुपैयाँको चेक हस्तान्तरण गरिएको स्थानीय समाज विकास केन्द्रका सल्लाहकार टेकबहादुर थापाले जनाए ।उने जनाएअनुसार बालबालिकालाई आइतबार दिउँसो हरिपुर ६ स्थित लक्ष्मीपुर माविमा जम्मा पारेर यस प्रकारको सहयोग गरिएको हो। बुवा नभएका बालबालिकालाई संस्थाले सहयोग गरेपछि पढाईमा टेवा पुग्ने विश्वास लिइएको छ।
यस कार्यक्रममा पूर्व राज्यमन्त्री रिजमान अन्सारी, मधेश प्रदेशसभाकी सदस्य विमला अन्सारी, हरिपुर नगरपालिकाको शिक्षा शाखाका प्रमुख नागेश्वर राय, लक्ष्मीपुर माविका प्रधानाध्यापक रामऔतार चौधरी, मर्जुवाका प्रधानाध्यापक सन्जर अन्सारीलगायतकाहरुको उपस्थिती समेत रहेको थियो।

# बाढी पहिरो अपडेट : ६ को मृत्यु, ६ घाइते २९ बेपत्ता

**रासस**
**काठमाडौँ ।**
अविरल वर्षाको कारण जेठ ३१ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी एवं पहिरामा परी सोमबार अपराह्नसम्म ६ जनाको मृत्यु भएको छ । बाढी तथा पहिरामा परी संखुवासभामा एक, ताप्लेजुङमा तीन, पाँचथरमा एक र नुवाकोटमा एक गरी जम्मा ६ जनाको मृत्यु भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । जसमध्ये पाँच पुरुष र एकजना बालिका रहेका छन् ।
साथै बाढी एवं पहिरामा परी सखुवासभामा तीन, ताप्लेजुङमा दुई र पाँचथरमा एक गरी जम्मा ६ जना घाइते भएका छन् । घाइतेहरूलाई उपचारका लागि स्थानीय अस्पताल लगिएको छ । बाढी पहिरामा परी संखुवासभामा २१, ताप्लेजुङमा तीन र पाँचथरमा पाँचजना गरी जम्मा २९ जना बेपत्ता अझै बेपत्ता भएका प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक कुबेर कडायतले बताए । बेपत्ताको खोजी कार्य जारी रहेको पनि उनले बताए ।



बाढी एवं पहिराका कारण ३५ घर, १० गोठ, १३ पुल, पाँच उद्योग र दुईवटा सरकारी कार्यालयमा क्षति पुगेको छ । ६७ वटा पशुचौपायको मृत्यु भएको छ । उक्त अवधिमा विपद्का घटनाबाट ९७ घरपरिवार विस्थापित भएका छन् । साथै बाढी पहिराको जोखिममा रहेका विभिन्न जिल्लाका विभिन्न घरपरिवारलाई सुरक्षित स्थानमा राख्ने, पहिरामा पुरिएका धनमाल निकालेर सुरक्षा गर्ने कामसमेत विभिन्न निकाय र स्थानीयवासीको समन्वय र सहयोगमा गर्नाका साथै विभिन्न स्थानमा भएको बाटो अवरोधसमेत प्रहरीले हटाउने कार्य गरिरहेको छ ।

# ढुवानी सेवा अनिश्चितकालका लागि...

छ। 'एउटा मालवाहक ट्रकमा खुद्रा सामानका कम्तिमा ४० देखि एक सय सम्म पार्टीहरु हुन्छन्' सचिव घिमिरेले भने 'सबै पार्टीको श्रोत ल्याउनु, केहिको खाता ल्याउनु, पार्टी बोलाउनु, अडिटर बोलाउनु जस्ता अनेकौं विषयको झनझन राजस्व अनुसन्धान कार्यालयमा सृजना हुन्छ, कुनै पार्टीको गल्ती फेला नपर्दा पनि अनुसन्धान टुङ्गो लगाउन १० देखि १२ दिनसम्म लाग्छ।'

'बिल बिजक भएका पार्टीको सामान पनि चेकजाँचको नाममा १० देखि १२ दिनसम्म थन्किरहन्छ, जसको कारण ट्रक डिटेन्सन हुँदा प्रतिदिन चालक र सहचालकलाई ५ हजार रुपैयां खर्च दिनुपछ।' सचिव घिमिरेले भने 'जब कि एउटा ट्रकमा सामान लोड गरि पठाउँदा एक हजार ५ सय देखि दुई हजार रुपैयासम्म ढुवानी व्यवसायीले आम्दानी गर्छ तर यो दुई हप्ताको झनझटले कमाउनु भन्दा पनि गुमाउनुपर्ने अवस्था सृजना भएकोले ढुवानी व्यवसायी मर्कामा परेको बताए।

'गल्ती नभेटिँदा कहाँबाट जरिवाना तिर्ने ?' एक व्यवसायीले भने 'प्रहरी र राजस्वले नै व्यवसायीलाई अवैध काम गर्न बाध्य पारिरहेको छ, उनीहरुकै कारण ढुवानी व्यवसायीमाथि अनावश्यक आर्थिक भार परेको छ।' भीसीटीएसको माध्यबाट सरकारको अनलाईन कम्प्युटरमा प्रविष्टिकरण भई पठाइएको माल सामान तथा पार्टीको सम्पूर्ण लेखाजोखा कम्प्युटरमा हुँदाहुँदै त्यसको उपयोग नगरी ढुवानी व्यवसायीहरुलाई मात्र अप्ठ्यारोमा पार्ने काम भइरहेको ढुवानी व्यवसायीहरुको भनाई छ।

'अनुसन्धान प्रक्रिया छरितो पार्नुपर्छ, गलत गर्नेलाई कारवाही गर्नुपर्छ, तर सही काम गर्दा गर्दै पनि प्रहरी र राजस्वको रवैयाले अधिकांश ढुवानी व्यवसायी मर्कामा परि रहेको उनीहरुको भनाई छ। समास्या समाधान नहुन्जेलसम्म ढुवानी सेवा ठप्प रहने ट्रान्सपोर्ट एशोसिएशनले जनाएको छ। 'ट्रान्सपोर्ट हब' को रुपमा रहेको वीरगंजमा ६ दर्जन भन्दा बढी व्यवसायी ढुवानी सेवामा आवद्ध छन्। वीरगंजका दुईवटा भन्सार र औद्योगिक क्षेत्र बाहेक ट्रान्सपोर्ट एशोसिएसनमा आवद्ध व्यवसायीहरुले दैनिक एक सयको हाराहारीमा ट्रकमा विभिन्न माल सामान लोड गरि मुलुकको विभिन्न क्षेत्रमा ढुवानी गर्दै आएका छन्।

# फिल्म आदिपुरुषले नेपालमा ल्याएको हलचल...

१९०३ वा ०४ सालको कुरा हो, जब नेपाल भारतबाट अलग भयो। नेपाल भारत थियो, भारतको अंश थियो, त्यस अनुसार सीता भारतकी छोरी थिइन्।मनोज मुन्ताशिरको यो स्पष्टीकरणपछि नेपालमा विवाद झन बढेको देखिएको छ। यस विवाद पछि धरान उपमहानगरपालिका,पोखरा महानगरपालिकाले पनि फिल्म चलाउनबाट रोक लगाएको छ। यद्यपी फिल्म वितरकले काठमाडौंमा फिल्म चलाउनबाट रोक लगाइएपछि देशभरिबाट प्रर्दशन वन्द गरेको छ तर मनोजको बयानले देशभरिमा त्यसको कडा विरोध भइरहेको छ।

**नेपाल र भारतविचको सीमा विवाद**

नेपालको कालापानी,लिम्पीयाधुरा र लिपुलेखमाथि भारतीय कव्जाले दुवै देशविच हुदै आएको सीमा विवादमा मनोजको वयानले झन विवादमा घिउ थप्ने काम भएको छ। झन भारती संसदमा अखंड भारतको चित्रमा नेपाली क्षेत्र समावेस गरि नक्सांकन गरिएपछि दुवै देशको पारस्परिक सम्वन्धमा अहिले दुरीपना बढदो रहेको छ। यद्यपी भारतका तर्फबाट यो सांस्कृतिक नक्सामात्र रहेको भनेको छ। यता काठमाडौंका मेयर बालेन्द्र साहले आफ्नो कार्यालयमा ग्रेटर नेपालको नक्सा झुण्डयाइएपछि अहिले भारतभरि त्यसको चर्चा चुलिएको छ। मेयर साहले पनि एतिहासीक नक्सा लगाइएको भनेर भन्दै आएका छन्। यस किसीमको बयानवाजीले दुई देश विचको परस्पर सम्वन्धमा तिक्तता बढने भएकोले दुवै देशले छलफल गरे विवाद समाधान गर्नु अति आवश्यक रहेको विश्लेषकहरुको भनाई रहेको छ।

# चार राजनीतिक दलको मोर्चाबन्दी,समाजवादी...

अवलम्बन गर्नेछ। विगतका विभिन्न कालखण्डमा भएका आन्दोलनहरूका कारण विभिन्न दलका नेता र कार्यकर्ताहरूमाथि लगाइएका मुद्दाहरूको खारेजी र राजबन्दी रिहाइका लागि आवश्यक कानुनी र राजनीतिक पहल गर्ने र विभिन्न राजनीतिक दलहरूसँग भएका सहमति र सम्झौताहरू कार्यान्वयन गर्ने भएको छ।
समाजको विविधतायुक्त चरित्रअनुरूप राष्ट्रिय, लोकतान्त्रिक र वैज्ञानिक संस्कृति प्रवर्द्धन गर्ने, जाति, भाषा, धर्म तथा संस्कृतिको क्षेत्रमा रहेका सम्पूर्ण भेदभावहरूको अन्त्य गरी राष्ट्रिय एकता प्रवर्द्धन गर्ने, प्रगतिशील कला, साहित्य र संस्कृतिको विकासलाई प्रोत्साहित गर्नेछन्। त्यसैगरी, समाजमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय सबै प्रकारका शोषण, उत्पीडन र विभेदहरूको अन्त्य गरी समता, स्वतन्त्रता एवं न्यायमा आधारित सामाजिक व्यवस्था निर्माण गर्ने तथा श्रम संस्कृतिलाई प्रोत्साहित गर्ने एवं श्रमजीवी जनताको पहलकदमीमा आर्थिक समृद्धिको माध्यमबाट आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरण गर्ने लक्ष्य राखेको छ। मोर्चाको नेतृत्व आलोपालो गर्ने सहमति भएको छ। यस्तै, दैनिक कार्यसञ्चालनका लागि एउटा सचिवालय गठन गर्नेछ। मोर्चालाई स्थानीयस्तरसम्म विस्तार गरिनेछ। कार्यक्रममा मोर्चामा आबद्ध दलका शीर्ष नेताले हातेमालो गर्दै प्रसन्नता व्यक्त गरेका थिए।

# देवाहीगोनाहीको प्रमुख प्रशासकीयमा शम्भु यादव



**मधेशदृष्टि**
**रौतहट ।**
लामोसमय देखि विवादको घेरामा रहेको रौतहटको देवाहीगोनाही नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी उपसचिव शम्भु यादवले पाएका छन् ।
उपसचिव यादवले जिम्मेवारी पाएपछि आईतवार विधिवतरुपमा नगरपालिकाको कार्यपालिकाको कार्यालयमा हाजिर भएका हुन् ।
यस अवसरमा मेयर प्रेमलाल साहले प्रमुख प्रशासकीय अधिकृत शम्भु यादवलाई माला र खाँदा ओढाएर सम्मान सहित स्वागत गरेका थिए । मेयर साहले उनको कार्यकाल सफलताको शुभकामना समेत दिएका छन् । यस अवसरमा देवाहीगोनाही नगरपालीकाका निर्वाचित जनप्रतिनिधिका साथै विभिन्न पार्टीका नेता कार्यकर्ता, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीका प्रतिनिधिहरुको समेत उपस्थिती रहेको थियो ।
नयाँ प्रशासकीय अधिकृत यादवले शुक्रवार आफ्नो कागजात नगरपालिकामा बुझाएर फर्केका थिए । यस अवसरमा कुनै विवाद नहोस् भनेर सुरक्षाकर्मीको बाक्लो उपस्थिती थियो । सो क्रममा करिब १ सय ५० जना प्रहरी परिचालित गरिएको थियो ।
गृह प्रशासनमा काम गरिसकेका नयाँ प्रमुख प्रशासकीय अधिकृत शम्भु यादवले विशेषरुपमा पहल गरेर मेयर प्रेमलाल साह र उपमेयर प्रणिया पटेललाई मिलाउनेमा नगरबासी विश्वस्त रहेको जिल्ला समन्वय समिति रौतहटका पूर्वउप सभापति रामअषिश यादवले बताए ।
आम जनता पार्टीका अध्यक्ष प्रभु साहले तत्कालीन एमालेका प्रदेश अध्यक्ष रहेको समयमा देवाहीगोनाही नगरपालिकाका मेयर प्रेमलाल साह र उपमेयर परणिया देवी पटेल दुवैजना एमालेबाट निर्वाचित भएका थिए ।

# आदिवासी जनजाति महासंघद्वारा हँसपुर नगरपालिकालाई चेतावनी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको हँसपुर नगरपालिकामा रहेका आदिवासी जनजातीहरुलाई सेवा सुविधाबाट वञ्चित गर्न खोजेको भन्दै आन्दोलनको अल्टिमेटम दिएका छन् ।
आदिवासी जनजाति महासंघ हँसपुर नगरपालिकाका अध्यक्ष रामउदेश मण्डलले हँसपुर नगरपालिकाले सूचिकृत गरेपनि बेवास्ता गरेको भन्दै तीन दिन भित्रमा माग सम्बोधन नगरेमा आन्दोलन गर्ने चेतावनी दिएका छन् ।
हँसपुर नगरपालिकाले आदिवासी जनजातीमा सूचिकृत गरिसकेका जातीहरुबारे सम्बन्धित निकायमा जानकारी गराउन तथा सेवा सुविधा प्रवाह गर्न पटक-पटक लिखित एवं मौखिक रुपले भन्दापनि बेवास्ता गरेकाले आन्दोलनमा उत्रिदाँ हुने क्षतिको सम्पूर्ण जवाफदेही नगरपालिकाले लिनुपर्ने अध्यक्ष मण्डलले बताए ।

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आजको दिन खेलकुद तथा मनोरञ्जनात्मक कार्यमा बित्ला, पारिवारिक मित्रता तथा रमाइलो यात्रा होला ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
नयाँ नयाँ मित्रहरुसंगको भेटले मन आनन्दित रहला। आर्थिक लाभका नयाँ नयाँ मार्गहरु नि प्रशस्त ◌ंहोलान् ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
आजको दिन नयाँ बस्त्र तथा आभुषण प्राप्त हुने योग छ। आटेका वा सोचेका काम कार्यहरु पूरा होलान् ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आजको दिन शिक्षा क्षेत्रमा सफलता पाउनुका साथै कुनै लेख रचना तथा साहित्यिक कार्यको थालनी होला ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज कुनै उपहार तथा पुरस्कार प्राप्त हुने योग पनि रहेको छ ।आज दक्षिण तिरको यात्रा नगरेकै राम्रो होला।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आजको दिन अपर्झट कुनै पनि स्थानको यात्रा हुनसक्छ, खेलकुद तथा साहित्यिक क्षेत्रमा तपाईंको सहभागीताले उत्साह थपिएला ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज हर्ष तथा प्रसन्नताका साथ समय बित्नेछ, आज को दिन आध्यात्मिक चिन्तनमा मन जाने देखिन्छ ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
तपाईंको लगनशीलता तथा पराक्रमले कठिन भन्दा कठिन कार्यहरु पनि सहजै सम्पन्न+ होलान् ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आजको दिन धन आर्जनका विभिन्न मार्गहरु प्रशस्त होलान् धन तथा मान प्राप्ति हुनसक्छ, वैदेशिक यात्राका अवसरहरु पनि आउनसक्छ,

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आजको दिन तपाईंको व्यक्तित्व देखेर सबै प्रभावित होलान् , आर्थिक लेनदेनमा विशेष सावधानी अपनाउनुहोला।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आजको दिन अनावश्यक खर्चको योग आएको छ तपाईंको कमजोरीको फाइदा उठाउलान, धैर्य तथा विवेकले काम लिनुहोला।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आजको दिन तपाईंलाई गुप्त बिद्या तथा शिक्षा प्राप्त होला , आज विशेष परिस्थितिले दिनभर मन रमाउला ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| | ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

# सिरहामा दिनहुँ आगलागी हुँदा स्थानीय त्रसित



**मुकेश कुमार यादव**
**सिरहा।**
सिरहाको धनगढीमाई नगरपालिका ११ बलुवाटोलका सदायवस्तीमा दिनहु आगलागीहुँदा स्थानीय त्रसित बनेका छन्। पछिल्लो १५ दिनदेखि दिनहु घर तथा घरमा रहेका लत्ताकपडा लगायतका सामाग्रीमा दिनहुँ अचानक आगोलाग्न थालेपछि वस्तीका मानिसहरु त्रसित बनेका हुन्।
जुनसुकैवेला जतासुकै आगोलाग्ने भएपछि वस्तीका सवै मानिस गाउँ छोडर वाहिर काममा समेत जान पाएका छैनन्।
सदाय वस्तिका वस्तीका ३० वर्षिय कल्पना सदायले लगाएको कपडामा पछिल्ला चारदिनदेखि दिनमै ३-४ पटक आगोलाग्न थालेपछि वस्ती झन आतङ्कित बनेका छन् । 'कल्पना दिसा पीसाव जाँदा र एक्लै पर्ने वित्तिकै कपडामा आगो लागि हाल्छ; कल्पनाका बजैसासु ७१ वर्षिय गौरी सदाले भने, 'एक्लो हुनेवित्तिकै उनले लाएको कपडामा आगो लागि हाल्छ। दिसा, पीसाव गर्नजाँदा पनि गाह्रो भएको छ। आजैमात्र (सोमबार) विहान दिसागर्न गएका बेला उनले लाएको कपडामा चार पटक आगो लागि सक्यो।'
माघबाट वस्तीमा आगलागी सुरु भएको स्थानीय कमल सिंहले बताए। उनले भने, 'पहिलो पटक यो वस्तिमा माघ महिनामा मन्कु सदाको घरमा आगलागी भएको थियो। त्यसवेला गाउँमा कोही नभएले उनको घरै शखाप भयो। तर, पछिल्लो १५ दिनदेखि सुरुभएको आगलागीले वस्तीका सवैजसो घरको छानो र कपडा, ओछ्यानहरु जलेको छ।'
कल्पनाले सा-सना नानीहरु भएकाले घरमै



बच्चा स्याहार्ने र खाना बनाउने काममा रहेकाले गाउँमा भएको आगो निभाउने गरेको बताए। यहि क्रममा गत शुक्रवार ( असार १ गते) घरमा खाना बनाईरहेका बेला उनले बारीतर्फबाट जिउभरी आगो दनदनी बल्दै गरेको बच्चा घरतिरै दैड्दै आएको देखेको बताए। उनले भने, 'म घरमा खाना बनाउँदै थिएँ। माड फाल्न निस्केको बेला मैले जिभरी आगो दन्किदै गरेको बच्चा मै तिर आईरहेको देखें। बच्चा देखेपछि म चिस्याउँदै बजै सासुलाई बोलाउन घरतिर आएँ। बजै सासुसँगै फर्केर जाँदा बच्चा भेटिन। वरपर खोजे कतै भेटिएन।'
त्यहि दिनदेखि कल्पना एक्लै हुने वित्तिकै र दिसा पीसाव जाँदा कपडामा आगो लाग्ने गरेको श्रीमान सरोजले बताए। आगोका कारण उनले आफ्नै देखाउन नमिल्ने ठाउँहरु पोलेको र घाउ हुन थालेको बताए।
आगो लाग्ने क्रम बढेपछि गाउँले त्रासमा छन्। उनीहरु पछिल्लो तीन दिनदेखि एकैठाउँ भेला भएर कल्पनालाई रुङ्गेर बस्ने गरेका छन्।
दिनहु मजदुरी गरेर जिवीका चलाउँदै आएका सदाय वस्तीकाहरु काममा जान नपाएपछि मुखमा माड लाउन पनि धौ-धौ हुन थालेको छ।
आगो लाग्ने वित्तकै मान्छे पोलेको गन्ध आउने र थोरै पानीले पनि आगो निभिने गरेको गाउँलेले सुनाए। स्थानीय कमल सिंहले भने, 'आगो लागेपछि मान्छे पोलेको गन्ध फैलिन्छ। थोरै पानिले पनि आगो निभिहाल्छ। हामी पनि अचम्ममा परीसकेका छौं।'
घटना सुरुहुन थालेको तीन चार दिनपछि मेयर शिवशंकर महतो र वडा अध्यक्ष गाउँ घुमेर गएको उनीहरुले सुनाए। त्यसपछि फर्केर आएको पनि छैन। चासो पनि देखाउनु भएको छैन।
दिनहु हुने आगलागीले गाउँका धैरै घरका ओड्ने ओछ्याउने जलिसकेको छ। कल्पनाको परीवारको त झन लाएको कपडाबाहेक केही छैन। कल्पनाका सासु शिवोले भने, 'मेरो यहि लाएको कपडामात्रै हो। सवै जलिसक्यो। कल्पनाको दिनमै चारपटक आगोलाग्न थालेपछि छिमेकीले दिएको कपडाले लाज ढाक्नु परेको छ।'
गाउँलेहरुमा कुल रिसाएकाले यस्तो घटना भएको अन्धविश्वास छ। कुल रिझाउन उनीहरुले यस विचमो पाँच गाउँ मागेर भगवत्ती (दिनाभद्री) को पुजा गरिसकेको छ। गाउँलेहरुले चन्दा उठाएर दिएका पैसाले बोका पाठी किनेर चढाई पनि सकेका छन्। तर, घटना घट्नुको साटो दिनदिनै बढीरहेको उनीहरु बताउँछन्।
गाउँलेले अझै राम्रो धामीलाई बोलाएर गाउँ छेक्ने निधो गरेको बताए।
कल्पनाको जिउमा आगोले पोलेर घाउ हुन थालेपनि उपचारको लागि स्वास्थ्य संस्था लगिएको छैन। औषधी उपचार गर्दा देउता झन रिसाउने अन्धविश्वासका कारण उनको उपचार भएको छैन।
यस विच गाउँलेहरुले प्रहरीलाई खवर गरेपनि उनीहरुले खासै चाँसो नदिएको बताउँछन्। 'यो घटनाले हामी अन्यौलमा छौं; स्थानिय लप्टु सदायले भने, 'प्रहरी, स्थानीय सरकारलाई खवर गर्‍यौं। ऋाउनु पनि भयो। तर, केही वास्ता गरेको छैन।'
सिरहा प्रहरीले औपचारीक रुपमा घटनाको जानकारी जानकारी नभएको बताएको छ। मेयर शिवशंकर महोसँग सम्पर्क गर्दा उहाँ सम्पर्कमा आएनन्।
यो २२ घरका सदाय(मुसहर) वस्तीमा शौचालय नभएका कारण जनीका उखुवारी र झाडीमा दिसा गर्न जाने गरेको छ।

# शिशु फालेर फरार हुने प्रहरी नियन्त्रणमा



**मधेशदृष्टि**
**सिरहा।**
सिराहाको लहान नगरपालिका ३ मा रहेको प्रादेशिक अस्पताल गेटमा गत जेठ १३ गते करिव १ वजेराति नवजात शिशु फालेर फरार भएकामध्ये एकजनालाई प्रहरी नियन्त्रणमा लिएको छ।
विवाहनै नगरी सँगै बस्दै आएकी युवतीसँगको सम्बन्धले शिशु जन्मिएपछि अस्पतालको गेटमा फालेर फरार भएका पुरुषलाई प्रहरीले पक्राउ गरेको हो।
सिसिटिभी फुटेज हेरेर सादा पोसाकका प्रहरी परिचालन गरी शिशु फाल्न मोटरसाइकल चलाएर आएका पुरुषलाई लहान बजार क्षेत्रबाट गत जेठ २६ गते पक्राउ गरी जन्माएको बच्चा फाल्ने र परित्याग गरेको कसुरसमा प्रहरीले मुद्दा दायर गरेका छन् ।
इलाका प्रहरी कार्यालय लहानका अनुसार शिशु भेटिएपछि तत्काल उद्धार गरी अस्पतालस्थित एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसिएमसी)लाई जिम्मा दिएर प्रहरीले फरार भएका दुईजनाको खोजतलास गर्ने क्रममा एकजनालाई पक्राउ गरी मुद्दा चलाएको छ।
अस्पताल परिसरमा मध्यरातमा केटिएम मोटरसाइकलमा बच्चासहित मास्क लगाएका पुरुष र महिला आएर करिब १५ दिनजतिकी शिशु फालेर फरार भएका थिए ।
पक्राउ परेका पुरुष र महिला गत बैशाख २७ गते दिउसो करिव ३ वजेको समयमा पेट दुख्यो भन्दै प्रादेशिक अस्पताल लहानमा भर्ना भएको सोही अस्तालका स्टाप नर्स निमर्ला साहले बताइन्। उनले भनिन्, ' विहान देखि पेट दुखिरहेको भनेपनि हामिले चेकजाँच गरेको थिए।, चेकजाँच गर्दा उनको मास पनि पुगेको पाइएपछि हामिले विवाहित हो कि होइन सोधेपछि उनीहरु अल्मलिएरै भन्ने हामी कोर्ट म्यारेज गरेको हो,। ' तत्पश्चात हामी उपचारमा भिडे ,अस्पताल भर्ना भएको केहि घण्टामै बच्चा जन्मियो ।' उनले थपिन् , ' बच्चाको मास पुगेकोले नर्मलै भएपछि हामिले भोली पल्ट उनलाई डिस्चार्ज गरिदिएको साहले सुनाइन् ।'
सप्तरीको कल्याणुर नगरपालिका १० घर भएका २० वर्षिय नाम परिवर्तित भुवन चौधरी र सोही जिल्लाको बलान विहुल गाउँपालिका २ वस्ने नाम परिवर्तित करिश्मा चौधरीको बच्चा रहेको प्रादेशिक अस्पताल लाहानका मेसु सुनिल कुशवाहाले जनाएको छ। प्रादेशिक अस्पतालमै बच्चा जनमाएर गएको उनिहरुले १५ दिन पश्चात मुखमा मास्क लगाई रातीको समयमा बच्चालाई अस्पतालको गेट नजिक फयालेर भागेको मेसु कुशवाहाले जनाए । उनले भने, ' हामीले वेवारिसे अवस्थामा फेला पारेका बच्चालाई आज २४ दिन पछि सवै कानुनी प्रक्रियाहरु मिलाएर लाहान नगरपालिकालाई जिम्मा लगाउदै छौँ ।
वेवारिसे अवस्थामा फेला परेको बच्चाको वुवा,आमाको पनि पहिचान भैइसकेकोले नगरले उनीहरुलाई जिम्मा लगाउने भएको छ, आज हामी प्रक्रियागत नगरलाई जिम्मा लगाइदिन्छौ।'
बजार क्षेत्रबाट करिब २० वर्षीय युवकलाई पक्राउ गरी आफूले जन्माएको बच्चा फाल्ने र परित्याग गरेको कसुरसम्बन्धी मुद्दामा सिराहा जिल्ला अदालतबाट पहिलोपटक सात र दोस्रोपटक पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय लहान प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक भोलाराज भट्टले जनाएको छ।
मध्यरातमा अस्पतालको सुरक्षार्थ खटिएका सुरक्षागार्डले बच्चा रोएको सुनेपछि तत्काल अस्पतालका चिकित्सक, नर्स र प्रहरीसहितको टोलीलाई खबर गरेका थिए। नवजात शिशुको उद्धार गरी अस्पतालस्थित एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसिएमसी) को जिम्मामा राखिएको थियो । ओसिएमसीको जिम्मामा रहेकी शिशुको अवस्था सामान्य रहेको र आफन्तको जिम्मा लगाउने प्रक्रिया अगाडी बढिसकेको प्रहरीले जनाएको छ ।

# सेनेटरी प्याड खरिदमा अनियमितता

**मधेशदृष्टि**
**राजविराज।**
सप्तरीको डाक्नेश्वरी नगरपालिकाले सेनिटरी प्याड खरिदमा अनियमितता गरेको छ। नगरपालिकाले आवश्यकता भन्दाबढी सेनिटरी प्याड खरिद गरी आर्थिक अनियमितता गरेको हो। महालेखा परिक्षकको प्रतिवेदन २०७९ अनुसार आवश्यकताभन्दा बढी प्याड खरिद गरी लाखौँ रकम अनियमितता गरेको ठहर छ।
सामुदायिक विद्यालयमा अध्यानरत्त कक्षा ६ देखि माथिका छात्राहरुका लागि निःशुल्क सेनिटरी प्याड वितरणका लागि गोश्वारा भौचर नम्बर ८९/२०७९/३/२४ बाट यस बर्ष पालिकाले २४ लाख ९७ हजार १ सय ८ रुपैयाँ भ्याट सहित श्रीमुकेश एण्ड अंशु कन्सट्रक्सन एण्ड ट्रेडिंग प्रालिलाई भुक्तानी दिएको देखिएको प्रतिवेदनमा उल्लेख छ। नगरपालिकाले कमिसनको लागि विद्यालयको मागसंख्या भन्दा बढी प्याड खरिद गरि लाखौ भ्रष्टाचार गरेको महालेखाको प्रतिबेदन उल्लेख गरिएको छ।
सेनिटरी प्याड व्यवस्थापन कार्यविधि २०७६ अनुसार विद्यालयको माग संख्याको आधारमा पालिकाले खरिद गर्नुपर्ने व्यवस्था छ, कक्षा ६ भन्दामाथि अध्यानरत्त छात्राहरुको संख्या सत्यापन तथ्यांकको आधारमा २ हजार ६३ रहेको महालेखाको प्रतिवेदनमा उल्लेख गरिएको छ। भने प्रति छात्रा १२ महिनाको जम्मा २४ हजार ७ सय ५६ परिणाम प्याकेट आबश्यक पर्नेमा यस वर्ष पालिकाले ३५ हजार ७ सय प्याकेट खरिद गरेको छ।
सत्यापन तथ्यांकलाई आधार मान्दा



१० हजार ९ सय ४४ परिणाम प्रति प्याकेट ६१/९ का दरले भ्याटसहित ७ लाख ६५ हजार ५ सय रुपैयाँको बढी खरिद गरेको देखिन्छ। यसरी बढी परिणाम माग गरी खरिद गर्ने परिपाटीमा नियन्त्रण गर्ने तर्फ पालिकाले ध्यान नदिई मनपर्दी गरेको छ। नगरपालिकाले खरिद गरेको प्याड सम्बन्धित लाभग्राहीलाई वितरण नगरेकोले वितरण गरेको प्रमाण पेस गर्नुपर्ने प्रतिवेदनमा उल्लेख गरिएको छ।
यस नगरपालिकाले नक्कली खरिद गरि भ्रष्टाचार गरेको प्रतिवेदनमा आशंका गरिएको छ। जिन्सी खातामा परिक्षण गर्दा अझैपनि पालिकाले ३५ हजार ७ सय प्याकेट प्रतिप्याकेट ६१.९ को दरले कुल रकम भ्याट सहित २४ लाख ९७ हजार १ सय ८ रुपैयाँ बराबरको सेनिटरी प्याड गरिद गरेको महालेखा प्रतिबेदन २०७९ मा भनिएको छ। भने समयमै खरिद गरी सम्बन्धित विद्यालयहरुले आफ्नो जिन्सी खातामा आम्दानी बाँधेर र विद्यार्थीहरुलाई वितरण गरेको प्रमाण पेस गर्न समेत भनिएको छ।

# विद्युत प्राधिकरण जनताप्रति उत्तरदायी नरहेको प्रभु साहको आरोप



**सञ्जय मिश्रा**
**रौतहट।**
आम जनता पार्टीका अध्यक्ष  प्रभु साहले नेपाल विद्युत् प्राधिकरण नेपाली जनताप्रति उत्तरदायी जवाफदेही नभएको आरोप लगाएका छन् ।
सोमबार प्रतिनिधि सभा बैठकको सुन्य समयमा बोल्दै पूर्वमन्त्रीसमेत रहेका अध्यक्ष शाहले विधुत प्राधिकरण नेपाली जनतालाई झुक्याउने काम मात्र गरेको टिप्पणी गरेका थिए। ऊर्जा क्षेत्रमा ६० अर्ब पैसा छुट्याएको भए पनि कहाँ खर्च गर्ने भन्ने स्पष्ट उल्लेख नभएको उनको दाबी रहेको छ।
उनले प्रतिप्रश्न गर्दै भने, 'नेपाल विद्युत् प्राधिकरण, नेपाल सरकार र नेपाली जनताप्रति उत्तरदायी छ वा विदेशी शक्तिकेन्द्रप्रति जवाफदेही छ' ।
उनले अघि थप्दैं भने, 'रेड बुकले के भन्छ भने विद्युत् प्राधिकरण जनताप्रति जबाफदेही छैन। सभामुखज्यूले त्यसलाई त फर्काइदिनुपर्ने हो उनले भने किनकि ऊर्जामा झन्डै ६० अर्बजति पैसा छ कुन कहाँ के क्रियाकलापमा कसरी खर्च गर्छ भन्ने छैन। वैकल्पिक ऊर्जाको २० पाना ओगटेर झन्डै ४० पेजसम्म कुन-कुन पालिकामा कति-कति लाख भनेर छापेर जनतालाई झुक्याउने बाहेक केही काम भएको छैन। यति दुनियाँको इन्ट्रेस्ट भइरहेको ऊर्जा क्षेत्र सांसद जान्नै नहुने ?
के छ भित्री कुरा किताब लेख्नै नहुने ? शीर्षक अनुसार गतिविधि सांसदहरूले जान्नै नहुने हो ? कुन ठाउँमा विद्युत् प्रसारण बढाउँदै हुनुहुन्छ ? कहाँ सबस्टेशन बढाउँदै हुनुहुन्छ।'
यसरी अपारदर्शितारुपमा भ्रष्टाचार विधुत प्राधिकरणको नाममा भ्रष्टाचार भइरहेको उनले आरोप लगाए।
विधुत प्राधिकरणले आफूलाई नाफामा देखाएर दुनियाँलाई झुक्याएको आरोप पनि उनले लगाए। प्राधिकरणले व्यापारिक घरानाहरूलाई सेवा गरेको, तर गाउँघरमा विधुत प्रशारण गर्न नसकेको अध्यक्ष साहले बताए।

# राष्ट्रियसभा उपाध्यक्षद्वारा मौलापुर निरीक्षण



**मधेशदृष्टि**
**रौतहट।**
राष्ट्रियसभाकी उपाध्यक्ष उर्मिला अर्यालले मौलापुर नगरपालिकाको विकासमा योगदान पुर्याउने प्रतिबद्धता जनाएकी छन् ।
सोमवार रौतहटको मालापुर नगर क्षेत्र अन्तर्गत विभिन्न विकास निर्माणका योजनाहरुको स्थलगत अनुगमन निरीक्षण गर्दै उपाध्यक्ष अर्यालले मौलापुरको विकास निर्माणको कार्यप्रति सन्तुष्टि जनाउँदै यसरी प्रतिवद्धता व्यक्त गरिन् ।
उपाध्यक्ष अर्याल मैलापुर स्थित पुरातीत्वक महादेव मन्दिर, बसपार्क, (ल्यान्ड पुलिङ) जगा एकीकरण तथा नया सहरको योजना, पिकनिक पार्क, बहुउद्दश्यीय भवन लगाएतको पूर्वाधार निरीक्षण गरिन् ।
निरीक्षणको क्रममा मौलापुर नगरपालिकाकी मेयर रीना कुमारी साहले उक्त भौतिक संरचना बारे उपाध्यक्ष अर्याललाई जानकारी दिएका थिए ।
मौलापुर जस्तो ग्रामिण क्षेत्रमा सहरको जस्तो विकास निर्माणका पूर्वाधार निर्माण, ७५ विगहा जग्गामा नया सहरको अवधारणा तथा पुरातातविक महादेव मन्दिरलाई विश्व सम्पदा सूचीमा राख्ने प्रयासलाई राष्ट्रियसभाकी उपाध्यक्ष अर्यालले खुलेरै सराहना गरेका थिए । साथै मौलापुरमा विकास निर्माणका थप योजनाको लागि विशेषरुपमा पहल गर्ने प्रतिबद्धता जनाएको मेयर रीना कुमारी साहले जानकारी दिइन् ।
मौलापुरको अवलोकन निरीक्षणको क्रममा राष्ट्रियसभा सचिवालयका पदाधिकारिहरुको समेत सहभागीता रहेको टोलीमा सहभागी सुमन यादवले जानकारी दिइन् ।

# हतियारसहित दुई जना पक्राउ



**मधेशदृष्टि**
**रौतहट।**
रौतहटमा प्रहरीले दुई जनालाई हातहतियारसहित पक्राउ गरेका छन् ।
सवारी चेकजाँचको क्रममा रौतहटको मौलापुर नगरपालिकामा सुरक्षाकर्मीले एकथान कटुवा पेस्तोल, गोलीसहित दुई जनालाई पक्राउ गरेको हो ।
ईलाका प्रहरी कार्यालय मौलापुरबाट खटेको प्रहरीले मौलापुर नगरपालिका वडा नम्बर ५ स्थित आईटी चोकजाँचमा विभिन्न सवारी र पैदल यात्रुहरु जाँच गर्ने क्रममा वीरगंजबाट आउँदै गरेको यूपी ५७ एफ ३२३८ नम्बरको मोटरसाइकल चेकजाँच गर्दा सिट मुनि लुकाइराखेको अवस्थामा कटुवा पेस्तोल १ थान र गोली १ थान फेला परेको रौतहटका प्रहरी उपरीक्षक वीरबहादुर बुढामगरले जानकारी दिए ।
हतियारसहित सर्लाहीको मंलगवा नगरपालिका वडा नम्बर ७ बस्ने मोटरसाइकल चालक उमेश राय र पछाडी सवार मोहन रायसमेतलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# जिल्ला प्रशासन रौतहटमा विद्युतीय राहदानी सेवा सुरु




**मधेशदृष्टि**
**रौतहट।**
जिल्ला प्रशासन कार्यालय रौतहटमा विद्युतिय राहदानी सेवाको काम सुरू भएको छ । सेवाग्राहीको सुविधाका लागि कार्यालयमा विद्युतिय राहदानी सेवाको काम विहान ७ बजेदेखि सुरु भएको थियो।
प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रका अनुसार प्रचण्ड गर्मी र सेवाग्राहीको चापलाई ध्यान दिदै असार ५ गते देखि लागू हुने गरी विहानै देखि सेवा प्रदान गरिएको हो।
प्रत्येक आइतवारदेखि बिहीवारसम्म विहान ७ बजे देखि साँझ ५ बजेसम्म र शुक्रबार विहान ७ बजेदेखि दिउँसो ३ बजे सम्म विद्युतिय राहदानी सेवाको काम हुने प्रमुख जिल्ला अधिकारी मिश्रले बताए । विद्युतिय राहदानीको फर्म भराउने तथा वायोमेट्रिक सेवा जिल्ला प्रशासन कार्यालयले सुचना प्रकाशन गरि निःशुल्क रहेको जानकारी दिई सकेका छन। सेवा ग्राहीको सुविधाको सो कार्यालयले परिसर भित्र सन्देश प्रशारण गर्न लागि साउण्ड सिष्टम जडानसमेत गरिएको छ।
गर्मीयाममा सेवाग्राहीलाई राहत मिलोस् भन्ने अपेक्षाले पनि चहल पहलमा वृद्धि हुने प्रतिक्षालयसहितका विभिन्न ठाउँमा पंखा जडान गरिएको जिल्ला प्रशासन कार्यालय रौतहटले जनाएको छ।

संसारमा दुई चिज अनन्त छन्,
एक अन्तरिक्ष र दोस्रो मानवि मूर्खता।
- एलवर्ट आइन्स्टाइन

## सम्पादकीय

# भारतीय रुपैयाँको बेहाल

सीमावर्ती बजारहरुमा लगातार भारतीय रुपैयाँ (भारु)को अवमूल्यन  बढिरहँदा नेपाल र भारत सरकारको मौनता अचम्मको देखिन्छ। तराई मधेशमै भारुको गिर्दो बजारले सर्वसाधारण ठगिएका छन् र चोरबजार चालू हुन थालेको छ। भारु एकसयको १ सय ५० र पाँचसयको ६ सय ५० रुपैयाँ नेपाली मानेर कारोबारीहरुले लुटबजार चलाएका छन्। यो लुटबजारको सञ्चालक, संरक्षक अहिफेसम्म अदृश्य छन् तर सर्वव्यापी र शक्तिमान छन्। उनीहरुको एक इशारामा देशभर सञ्जाल सर्वसाधारणको धन छिनिरहेका छन्। झट्ट हेर्दा नेपाली बजारमा भारुको अवमूल्यन, बेहाल, अलोकप्रियता, खोटा कागज भनिए पनि बैंक, वित्तीय संस्थामा यस्तो देखिएको छैन। वश, दैनिक कारोबार हुने उपभोक्ता बजारका सञ्चालकहरुले मात्र बदमासी गरेका हुन्। उनीहरुले बदमासीलाई पनि व्यापारमा बदलेका छन् र सर्वसाधारण पिशाव फेर्न सार्वजनिक शौचालय पुग्दा पनि २५ रुपैयाँ घटाएर कटाएर जनताको धनमा आक्रमण गरिरहेका छन्। उद्योगी, व्यापारीले नेपालमा सञ्चित भारतीय पाँचसय रुपैयाँको नोटको क्षतिपूर्ति सर्वसाधारणको रकमबाट किस्ताकिस्तामा उठाइरहेका छन्। यो बेहद बदमासीमा काठमाडौँवाला राष्ट्र बैंक पनि बेखबर छैन तर तराई मधेशवाला राष्ट्र बैंकका कर्मचारीहरुले नदेखे झैँ गरेर बदमासीलाई साथ दिइरहनु वित्तीय अपराध हो।

भन्न त व्यापारी, उद्योगीले भनेका छन्, 'नेपाली बजारमा प्रशस्त भारतीय रुपैयाँ भएर अवमूल्यन भयो।' तर पैसा धेरै भएर त कारोबार सहज पो हुनुपर्छ, बजार सस्तो हुनु पर्छ। यहाँ त बजार कठिन बन्दै गएको छ। उपभोक्ता महंगीमा परेका छन्। सास्ती भोगिरहेका छन्। सामान महंगो पर्दै गएको छ। अझ भन्नु पर्दा केही वर्षअघि ५ रुपैयाँ घटेको भारतीय एकसयको नोटमा यतिखेर १० रुपैयाँ घटेको छ। सयको भन्दा ५ सय रुपैयाँको बजार अरु सस्तिएको छ। नेपालमा पाँचसय रुपैयाँको भारतीय नोटको कारोबार वैधानिक नभएकाले संकलन गरेर भारतीय बजारमा लैजानु झन्झटिलो र दुःखको काम भन्दै व्यापारीले हाकाहाकी जनताको पैसा मनलाग्दी काटिरहेका छन्। न जनताले भारतीय पाँचसय रुपैयाँका नोट मागेका थिए, न नचलाउँ भन्दा नै नेपाली नोट पाएका थिए। त्यही अदृश्य शक्तिले नेपालमा अवैध हुँदाहुँदै पनि पाँचसय रुपैयाँको नोटको जालो बिच्छ्यायो-भित्र्यायो। सञ्जाल विस्तार गरेर नेपाली बजार कब्जा गर्‍यो। जनताले भारतीय नोट प्रयोगमा ल्याउन थालेपछि अहिले त्यही अदृश्य शक्ति नोटमा पनि दलाली गरिररहेको छ। बदमासी गरिरहेको छ। नेपाली जनता र उपभोक्ताको रकम सानो परिणाममा भए पनि दैनिक ठूलो संख्यामा लुटिरहेको छ। यो वित्तीय अपराधमा राष्ट्र बैंकका कर्मचारी रमिते बनिरहेका छन्।

जुन कुरा देशमा वैध छैन। त्यही कारोबार फस्टाउने मुलुक बनेको छ नेपाल। सीमावर्ती बजारमा भारु अवमूल्यन भएको होइन। दलाली, कालोबजारी, बदमासी संस्थागत भएको हो। स्थापित भएको हो। सर्वसाधारणको पसिनामाथि आक्रमण भएको हो। कसैले सूचना टाँसेका छैनन्, बोर्ड राख्ने हिम्मत गरेका छैनन् कि, 'यहाँ भारतीय रुपैयाँ १० रुपैयाँ कममा कारोबार हुन्छ।' जब जनता पैसा दिन्छन्, अनि मनलाग्दी काटेर बदमासी मात्र गरिरहेका छैनन्, गुण्डागर्दीमै उत्रिन थालेका छन्। यो देखादेखी र हाकाहाकी वित्तीय अपराध रोक्न राष्ट्र बैंक, स्थानीय तह, प्रदेश सरकार, केन्द्र सरकारले चासो दिन जरुरी छ। अन्यथा यसको विष्फोट र क्षति यति भयानक हुनेछ कि, त्यसको क्षतिपूर्ति राज्यलाई निकै महंगो पर्नेछ। भारतीय रुपैयाँ कालोबजारीको इशारा र कब्जामा परेपछि असन्तुलित बजारले सरकार कमजोर, नाजवाफ, जिम्मेवारविहीन देखाइरहेको विषय सामान्य हुनै सक्दैन।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# आर्थिक विकासलाई प्राथमिकता दिने नीतिको खाँचो

वैदेशिक लगानीको रङ्ग हेर्ने काम गरेन । जुन देशवाट लगानी आए पनि त्यसवाट विकास हुने भनेले नेपालकै हो, रोजगार पाउनेमा नेपाली नै हुनेछ, तसर्थ वैदेशिक लगानीलाई भित्रिन दिनुपर्छ । वर्तमान अवस्थामा वैदेशिक लगानीवाट नै देशको अर्थतन्त्र सुदृढ हुने हो । वैदेशिक ऋणले समस्याको समाधान गर्ने होईन । अहिले नै देशको कुल जिडिपीमा ४० प्रतिशत जति वैदेशिक ऋण रहेको मानिन्छ । ३० प्रतिशत भन्दा बढीलाई नै हानीकारक मानिन्छ । देशले वैदेशिक ऋण काढने नीतिलाई निरूत्साहित पार्नुपर्दछ । आफनो स्रोत-सम्पदाको सदुपयोग गर्न सक्नुपर्दछ । नेपाली बिजुली किन्न थालेको छ । जलमार्ग चलाउने सहमति भएको छ, रक्सौल-काठमाण्डौ रेलमार्गको डिपिआर तयार भएको छ, कोलकाता बन्दरगाहवाट वीरगन्ज सम्म सामान आपूर्ति पहिले भन्दा छरितो बनाइएको छ, विशाखापट्टनम बन्दरगाह पनि नेपालले प्रयोग गर्न पाएको छ ।



● श्रीमन नारायण

हाल केही यता आएर नेपाली सन्चार माध्यमहरुमा र केही विदेशी सन्चार माध्यमहरु समेतले पनि नेपालको परराष्ट्र नीतिवारे नयाँ तरिकाले विश्लेषण गर्ने क्रम बढेको छ। खास गरिकन नेपालले आफनो दक्षिणी छिमेकी भारतसितको सम्बन्धलाई उच्च प्राथमिकतामा राखेको विषयलाई विभिन्न कोणवाट विश्लेषण गर्ने काम भईरहेको छ। कतिपयले यसलाई नेपालको दक्षिणतिर हेर्ने नीति (लुक साउथ) को संज्ञा दिएका छन् भने चिनिया सन्चार माध्यमले त भारतले नेपालको ऊर्जा क्षेत्रवाट चीनलाई बाहिर गर्न खोजेको आरोप नै लगाएको छ। एक्काईसौं शताब्दि भनेको आर्थिक युग हो र वर्तमान युगमा आर्थिक प्रगति नै सबै थोक सावित भईरहेको छ। देशहरुले अख्तियार गर्ने गरेको कुटनीतिमा पनि आर्थिक नीतिकै प्रधानता रहेको छ। नेपालले पनि आफनो आर्थिक हितलाई प्राथमिकतामा राखी परराष्ट्र सम्बन्ध बलियो बनाउने मनसाय लिएको देखिन्छ। अहिले भारतसित नेपालको सम्बन्धमा आएको न्यानोपनको प्रमुख कारण दुवै देशको परस्पर हित त हो नै, नेपालले आफनो हितलाई उच्च प्राथमिकतामा राखेको छ। भारतले पनि नेपालसितको सवैखाले समस्यालाई समाधान गर्नमा चासो देखाएको छ र समाधानको निम्ति सक्रियता पनि देखाएको छ।



विभिन्न नाकाहरुमा एकीकृत जाँच चौकी (आईसिपी) बनेका छन्। सीमामा सडक, पुल र रेलमार्गहरु जोडिएका छन्। पेट्रोलियम पदार्थ लाईन निर्धारित समय भन्दा छिटो बनेको छ, हुलाकी राजमार्ग लगभग पुरा हुने चरणमा छ। अन्तरदेशीय विधुतीय प्रसारण लाईनहरु थपिएका छन्। भारतले एकपछि अर्को गरी चार हजार भन्दा बढी मेगावाट क्षमता बराबरका जलविधुत आयोजनाहरु बनाउन लाईसेन्स पाएको छ। नेपाली बिजुली किन्न थालेको छ। जलमार्ग चलाउने सहमति भएको छ, रक्सौल-काठमाण्डौ रेलमार्गको डिपिआर तयार भएको छ, कोलकाता बन्दरगाहवाट वीरगन्ज सम्म सामान आपूर्ति पहिले भन्दा छरितो बनाइएको छ, विशाखापट्टनम बन्दरगाह पनि नेपालले प्रयोग गर्न पाएको छ। भर्खरै प्रधानमन्त्री पुष्पकमल दाहालको भारत भ्रमणको क्रममा दुई देशको डिजिटल पेमेन्ट सिस्टम जोडने सहमति समेत भएको छ। विगत पाँच-सात वर्षमै नेपाल-भारतबीच कनेक्टिभिटीका क्षेत्रमा जे जति प्रगति भयो, तयति शायद विगत लामो समयमा हुन सकेको थिए। दुई देशबीचको सम्बन्ध सुधार र सहकार्यका दुष्टिले यो उल्लेखनीय कदम हो। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले "छिमेकी पहिलो" को जुननीतिलाई अघि सारेका छन्, त्यसको सर्वाधिक लाभ नेपाललाई नै पुगेको् छ। भारत तर्फ कनेक्टिभिटीको मार्ग खुल्ला हुनुलाई सकारात्मक रुपमा लिनु आवश्यक देखिन्छ।

नेपालमा जब-जब आर्थिक विकासको कुरा हुन्छ, तब-तब विभिन्न बहानामा अवरोध खडा गर्ने काम गरिन्छ। नेपाल प्राकृतिक स्रोत एवं सम्पदाले भरिएको देश हो। हामीले आफनो प्राकृतिक सम्पदाको सदुपयोग गर्ने हो भने देश धन कुबेर पनि बन्न सक्दछ तर अनावश्यक आशंकाको भरमा विकास निर्माण कार्यमा अवरोध पुर्‍याउने हो भने देश प्रगति गर्न सक्दैन। सिङ्गापुर होस अथवा मलेसिया आफनो देशको आर्थिक प्रगतिलाई नै प्रमुख नीति बनाउने काम गर्‍यो। वैदेशिक लगानीको रङ्ग हेर्ने काम गरेन। जुन देशवाट लगानी आए पनि त्यसवाट विकास हुने भनेले नेपालकै हो, रोजगार पाउनेमा नेपाली नै हुनेछ, तसर्थ वैदेशिक लगानीलाई भित्रिन दिनुपर्छ। वर्तमान अवस्थामा वैदेशिक लगानीवाट नै देशको अर्थतन्त्र सुदृढ हुने हो। वैदेशिक ऋणले समस्याको समाधान गर्ने होईन। अहिले नै देशको कुल जिडिपीमा ४० प्रतिशत जति वैदेशिक ऋण रहेको मानिन्छ। ३० प्रतिशत भन्दा बढीलाई नै हानीकारक मानिन्छ। देशले वैदेशिक ऋण काढने नीतिलाई निरुत्साहित पार्नुपर्दछ। आफनो स्रोत-सम्पदाको सदुपयोग गर्न सक्नुपर्दछ। जलस्रोतको विकासवाट नेपालले धेरै लाभ लिन सक्दछ।

मनसुनका कारण खोलामा पानीको बहाव बढेर विधुत उत्पादन बढेपछि भारतमा पुनः बिजुली निर्यात सुरु भएको छ। नेपाल विधुत प्राधिकरणले गत साता देखि भारतको इनर्जी एक्सचेन्ज लिमिटेड (आएएक्स) को डे-अहेड प्रतिस्पर्धा मार्फत विधुत विक्री गर्न सुरु गरेको हो। प्राधिकरणका अनुसार अहिले भारतमा दैनिक तीन सय देखि तीन सय पचास मेगावाट सम्म विधुत निर्यात भईरहेको छ। विचमा पानी नपरेकाले विजुलीको निर्यातमा कमी आएको थियो। अहिले नेपालको कुल विधुत जडित क्षमता २७ सय मेगावाट रहेको छ। तर खोलामा पानी कम हुँदा विधुत उत्पादन भने सात सय मेगावाटमा झरेको थियो। अहिले मनसुन शुरु भएसँगै विधुत उत्पादन बढेर १९ सय मेगावाट पुगेको छ। तर स्वदेशी विधुत माग भनेको १५ सय देखि १६ सय मेगावाट छ। प्राधिकरणले गत वर्ष जेठ १९ गतेवाट भारतीय बजारमा व्यापारिक रुपमा विधुत निर्यात गर्न थालेको थियो, जुन पुस ३ गते सम्म कायम रहेको थियो। तयस अवधिमा ११ अर्ब १६ करोड ३० लाख रुपैयाँ बराबरको विधुत भारतमा निर्यात गरिएको थियो। त्यतिवेला प्राधिकरणले चार सय मेगावाट हाराहारी विधुत निर्यात गरेको थियो। प्राधिकरणले यो वर्ष १२ सय मेगावाट हाराहारीमा विधुत निर्यात गर्ने लक्ष्य राखेको छ।

नेपालको सर्वाधिक प्राथमिकतामा रहेको दीर्घकालीन विधुत व्यापारमा सहमति बन्नुलाई पनि प्रधानमन्त्री दाहालको सफल भारत भ्रमणको रुपमा लिन सकिन्छ। अहिले भएको सहमतिका आधारमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आउँदा १० वर्षमा नेपालवाट भारतले १० हजार मेगावाट विजुली खरिद गर्ने घोषणा गरेका छन्। नेपालमा विधुत उत्पादन हुने र विधुतको व्यापार निश्चित भएपछि उत्पादन आयोजनामा लगानी गर्नेहरु उत्साही हुनेछन्। ६६९ मेगावाटको तल्लो अरुण र ४८० मेगावाटको फुकोट कर्णाली आयोजनाको निर्माण भारतीय कम्पनीले गर्ने सम्झौता पत्रमा हस्ताक्षर भई सकेको छ।

नेपालको ऊर्जा उत्पादनमा भारतीय कम्पनीले जति निःशुल्क बिजुली, निःशुलक शेयर र अन्य शर्तहरु पनि मान्न तयार भएको छ, त्यति अन्य देशका कम्पनीहरुले होइन। हुन पनि विगत आठ-दश महिनामा मात्र पनि नेपालले भारतमा बिजुली बिक्री गरी ११ अर्ब भन्दा बढी रुपैयाँ कमाई सकेको छ। वर्षा याममा नेपालले उत्पादन गरेको बिजुली भारतमा निर्यात गर्ने र हिउँदमा नेपालमा ऊर्जाको अभाव हुँदा भारतले नेपाललाई बिजुली निर्यात गर्दै आएको छ। नेपाल-भारतबीच भएको ऊर्जा सम्झौतावाट देश आर्थिक प्रगतिको वाटोमा लम्किने निश्चित छ। प्रत्येक कुरामा नकारात्मक ढंगले मात्रै सोच्ने काम भयो भने परिणाम सकारात्मक आउन सक्दैन।

९ वर्ष अघि नेपाल र भारतबीच विधुत व्यापार सम्झौता र ९ सय मेगावाटको माथिल्लो कर्णाली जलविधुत आयोजना विकास समझौतामा हस्ताक्षर भएसँगै नेपालको ऊर्जा क्षेत्रमा लगानी गर्न र देशी र विदेशी कम्पनीहरु उत्साही देखिएका छन्। जिएमआरले ९ सय मेगावाट क्षमताको यो आयोजना निर्माणको जिम्मेवारी खुल्ला प्रतिस्पर्धा मार्फत प्राप्त गरेको हो। जिएमआरले २७ प्रतिशत शेयर र १२ प्रतिशत विधुत नेपाललाई निःशुल्क दिनेछ। आवशयक भए नेपाल सरकारले ३० प्रतिशत विधुत खरिद गर्न सक्नेछ। अरुण तेस्रो जलविधुत आयोजना निर्माणको जिम्मा पनि भारतीय कम्पनीले नै हात पारेको छ। त्यसका शर्तहरु पनि कमोबेस यस्तै खालको रहेको छ। अरुण तेस्रोको दुई तिहाई काम भई सकेको छ। भुटानले भारतसित मिलेर जलस्रोतको क्षेत्रमा निकै प्रगति गरेको छ। हाम्रो नीतमा आर्थिक हितले प्राथमिकता पाउनु आवश्यक छ।

# उच्च तापक्रमले मकै उत्पादन घट्ने



रासस
चितवन।

चितवन जिल्लामा यसवर्ष मकै उत्पादन ३० प्रतिशतले घट्ने अनुमान गरिएको छ । लामो समयदेखि परेको खडेरीका कारण उच्च तापक्रम हुँदा उत्पादन घट्ने भएको अनुमान गरिएको कृषि ज्ञान केन्द्र चितवनले जनाएको छ। लामो समय पानी नपर्दा मकैका बोट सुकेका छन् । केन्द्रका निमित्त प्रमुख मीनबहादुर पुनका अनुसार जिल्लामा छ हजार सात सय ३० हेक्टर क्षेत्रफलमा मकैको खेती गरिएको छ। सिँचाइको व्यवस्था नभएको र उच्च तापक्रमका कारण पराग कण नष्ट हुँदा उत्पादन घट्ने उनको भनाइ छ।

गत वर्ष जिल्लामा २६ हजार चार सय ७४ मेट्रिकटन मकै उत्पादन भएको थियो भने यो वर्ष उत्पादन १८ हजार पाँच सय ३१ मेट्रिक टनमा सीमित हुने केन्द्रको अनुमान छ । जिल्लामा रामपुर कम्पोजिट, सिपी र श्रेष्ठ जाताका मकै लगाइँदै आएको छ । भरतपुर महानगरपालिकाको पश्चिमी क्षेत्र, कालिका नगरपालिका, रत्ननगर नगरपालिका र माडी नगरपालिकामा मकै खेतीका लागि उपयुक्त क्षेत्र मानिन्छन्।

# नेपालमा खाद्य असुरक्षा बढ्यो : प्रतिवेदन



रासस
काठमाडौँ।

अन्तर्राष्ट्रिय खाद्य नीति अनुसन्धान प्रतिष्ठानले नेपालमा खाद्य असुरक्षा र कुपोषण बढेको दाबी गरेको छ। सोमबार सार्वजनिक गरिएको प्रतिष्ठानको 'ग्लोबल फुड पोलिसी रिपोर्ट २०२३' ले सन् २०१७ देखि २०१९ को तुलनामा पछिल्ला वर्षमा नेपाल र दक्षिण एसिया क्षेत्रमासमेत कुपोषण र खाद्य असुरक्षा बढ्दै गएको देखाएको हो ।

एकीकृत विकास अध्ययन केन्द्र (आइआइडिएस), बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (विमस्टेक), दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) र भारतीय कृषि अनुसन्धान परिषद् (आइसीएआर)को सहयोगमा अन्तर्राष्ट्रिय खाद्य नीति अनुसन्धान प्रतिष्ठान ( आइएफपिआरआइ)ले तयार पारेको प्रतिवेदनको दक्षिण एसियाली संस्करणको काठमाडौँमा एक कार्यक्रमकाबीच उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठले सार्वजनिक गरेका थिए।

प्रतिवेदनअनुसार सन् २०१९ देखि २०२१ सम्ममा दक्षिण एसियामा कुपोषणबाट ग्रसित मानिसको तथ्याङ्क अफगानिस्तानमा ३० प्रतिशत, बङ्गलादेशमा १२ प्रतिशत, भारतमा १६ प्रतिशत, नेपालमा छ प्रतिशत, पाकिस्तानमा १७ प्रतिशत र श्रीलङ्कामा चार प्रतिशत रहेको उल्लेख गरेको छ। त्यस्तै, गम्भीर खाद्य असुरक्षा भोगिरहेका मानिसको तथ्याङ्क हेर्दा अफगानिस्तानमा करिब २३, बङ्गलादेशमा करिब ११, नेपालमा करिब १३, पाकिस्तानमा करिब आठ र श्रीलङ्कामा करिब दुई प्रतिशत रहेको देखिन्छ।

सन् २०१७ देखि १९ सम्ममा नेपालमा खाद्य असुरक्षा भोगिरहेको जनसङ्ख्या करिब १० प्रतिशत बराबर रहेको पनि प्रतिवेदनमा देखाइएको छ। प्रतिवेदनले दक्षिण एसियाको आर्थिक र सामाजिक अवस्थामा पछिल्लो दुई दशकयताकै खराब अवस्थामा पुग्दा सन् २०२२ मा यो क्षेत्रका चार करोड ८० लाखदेखि पाँच करोड ९० लाख मानिस गरिबीको रेखामुखी रहेको र गम्भीर खाद्य सङ्कटबाट गुज्रिरहेको उल्लेख छ। मुख्यगरी दक्षिण एसियाका अफगानिस्तान, पाकिस्तान र श्रीलङ्कामा चरम खाद्य सङ्कट देखिएको छ।

कोभिड-१९ महामारी, रुस-युक्रेन युद्ध, विभिन्न प्राकृतिक प्रकोपको असर, ऊर्जा सङ्कट, पेट्रोलियम पदार्थ र रासायनिक मलको मूल्यवृद्धि, राजनीतिक अस्थिरतालगायत कारण दक्षिण एसियाली क्षेत्रमा खाद्य असुरक्षा बढेको पनि प्रतिवेदनमा उल्लेख गरिएको छ। खाद्य सामग्रीको चर्को मूल्यवृद्धि र अभावको अवस्था देखिएपछि सन् २०२२ मा अफगानिस्तान, बङ्गलादेश, भारत र पाकिस्तानले विभिन्न खाद्य वस्तुको निर्यातमा रोक लगाउने निर्णय गरेका थिए । जसमा चामल, गहुँ, चिनीलगायत खाद्यवस्तु थिए।

प्रतिवेदनअनुसार सन् २०२२ सेप्टेम्बरमा खाद्य वस्तुको मूल्यवृद्धि श्रीलङ्कामा ६६ प्रतिशत, पाकिस्तानमा ३६ प्रतिशत र नेपाल, भारत तथा बङ्गलादेशमा आठ प्रतिशत थियो। जलवायु परिवर्तनको असरका कारण विश्वव्यापी रुपमा सन् १९६१ को तुलनामा अहिले कृषि क्षेत्रको उत्पादकत्वमा २१ प्रतिशतले कमी आएको पनि प्रतिवेदनमा उल्लेख छ। त्यस्तै, आपूर्ति शृङ्खला बिग्रनु, अव्यवस्थित बसाइँसराइलगायतका कारणलाई पनि खाद्य असुरक्षा बढ्नुका कारकका रुपमा देखाइएको छ।

खाद्य असुरक्षा न्यूनीकरण र दिगो व्यवस्थापनका लागि गर्नुपर्ने पूर्वतयारी, यस्तो सङ्कटका कारण पहिचान र समाधानका लागि पनि प्रतिवेदनले सुझाव दिएको छ। पूर्वी र दक्षिण एसियाली मुलुकले क्षेत्रीय रुपमा सहकार्यमार्फत् खाद्य सङ्कटको सामना गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ। त्यस्तै, उत्तरदायी शासन व्यवस्था, प्रभावकारी सेवा प्रवाह र उपयुक्त नीतिमार्फत् खाद्य असुरक्षासँग लड्न सकिने सुझाव प्रतिवेदनले दिएको छ।

# विद्युतीय मुद्रा जारी गर्ने राष्ट्र बैंकको तयारी




रासस
काठमाडौँ।

नेपाल राष्ट्र बैंकले विद्युतीय मुद्रा (डिजिटल करेन्सी) जारी गर्ने तयारी गरेको छ। केन्द्रीय बैंकका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले हालसम्म विश्वका ११ मुलुकले विद्युतीय मुद्रा जारी गरिसकेकाले नेपालले पनि त्यसबारे अध्ययन र तयारी गरेको बताए।

वित्तीय तथा विद्युतीय साक्षरताबारे माछापुछ्रे बैंक र निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन), नेपालबीचको सहमतिपत्रमा हस्ताक्षर कार्यक्रममा कार्यकारी निर्देशक पौडेलले विद्युतीय साक्षरताबारे पुराना पाठ्यक्रम पढाएर भन्दा पनि आधुनिकताको विकाससँगै हरेक दिनका नवीन आयामलाई शिक्षक र विद्यार्थीले आत्मसात् गर्नु पाउनुपर्नेमा जोड दिए।

उनका अनुसार हाल प्रतिमहिना औसतमा ४० अर्ब रुपैयाँको विद्युतीय कारोबार हुने गरेको छ। गत वैशाखमा क्युआर कोडमार्फत ८६ लाख व्यक्तिले २६ अर्ब रुपैयाँभन्दा बढीको कारोबार गरेको भन्दै नेपालमा विद्युतीय कारोबारको प्रयोग बढ्दो रहेको बताए । राष्ट्र बैंकले चालु आर्थिक वर्षलाई विद्युतीय भुक्तानी प्रवर्द्धन वर्षका रुपमा सञ्चालन गरिरहेको छ।

माछापुछ्रे बैंकका अध्यक्ष डा. उपेन्द्र महतोले वित्तीय र विद्युतीय कारोबारलाई बढाएर समृद्ध मुलुक निर्माणमा योगदान दिन सकिने बताए। प्याब्सनका अध्यक्ष डिके ढुङ्गानाले आर्थिक कारोबार र विद्युतीय मुद्दामा तल्लो तहसम्म सचेतना प्रवाह नभएसम्म मुलुक समृद्ध हुन नसक्ने बताए। सो अवसरमा प्याब्सन अध्यक्ष ढुङ्गाना र बैंकका प्रमुख कार्यकारी निर्देशक सन्तोष कोइरालाबीच वित्तीय तथा विद्युतीय साक्षारता अभियानसम्बन्धी सहमतिपत्रमा हस्ताक्षर भएको थियो।

# दुग्ध किसानलाई अनुदान



रासस
झापा।

झापाको मेचीनगर-१२ धाइजनमा रहेको रीतिका डेरी उद्योगले दूध उत्पादन गर्दै आएका झापा र इलामका किसानलाई ४७ लाख १८ हजार रुपैयाँ अनुदान रकम वितरण गरेको छ। दूध उत्पादन गरी डेरीलाई बिक्री गर्दै आएका किसानलाई व्यावसायिक बनाउन प्रोत्साहित गर्ने उद्देश्यले प्रतिलिटर चार रुपैयाँका दरले तीन हजार छ सय घरधुरीलाई छ महिनालागि अनुदान वितरण गरिएको उद्योगका सञ्चालक राजन चिमरियाले जानकारी दिए।

उनका अनुसार कोशी प्रदेश सरकारअन्तर्गत कृषि तथा पशुपक्षी विकास मन्त्रालयले किसानका लागि प्रति लिटर दुई रुपैयाँ अनुदान उपलब्ध गराएकोमा उद्योगका तर्फबाट दुई रुपैँ थप गरी प्रतिलिटर चार रुपैयाँ अनुदान वितरण गरिएको छ। उद्योगले चालु आर्थिक वर्ष २०७९/८० को साउनदेखि पुससम्मको अवधिमा ग्रामीण किसान, सहकारी संस्था, चिस्यान केन्द्र, गाईफार्म र दुग्ध उत्पादन समूहबाट २४ लाख लिटर दूध सङ्कलन गरेको जनाएको छ।

'चालु आवको साउनदेखि पुससम्मका लागि अनुदान वितरण गरेका छौँ,' चिमरियाले भने 'जेठ महिनाको दूध सङ्कलन अभिलेख अद्यावधिककार्य सकिनासाथ यसै महिनामा थप छ महिनाको अनुदानसमेत किसानको हातमा पुऱ्याउँछौँ ।' दैनिक ३० हजार लिटरसम्म दूध सङ्कलन गर्दै आएको रीतिका डेरी उद्योगले झापा र इलामका किसानबाट दुध खरिद गर्दछ । सङ्कलित दूधलाई अत्याधुनिक प्रविधिमार्फत प्रशोधन गरी झापा, इलाम, सुनसरी, मोरङलगायत कोशी प्रदेशका विभिन्न जिल्लामा बिक्री वितरण गर्दै आएको छ।

मेचीनगर नगरपालिकाका नगरप्रमुख गोपाल बुढाथोकीले किसानले उत्पादन गर्ने दूधको आधारमा अनुदान दिँदा वास्तविक किसान लाभान्वित भएको बताए। उनले किसानको हितमा कुनै कार्यक्रम नआएको बेला गोठगोठमै पुगेर साना किसानलाई अनुदान वितरण गर्नु उदाहरणीय कार्य भएको बताए । दुग्ध उत्पादनमा क्रियाशील किसानलाई व्यवसायी बनाउँदै थप उत्पादनका लागि प्रोत्साहनस्वरुप कोशी प्रदेश सरकारले चालु आवमा किसानका लागि अनुदानकार्यक्रम ल्याएको हो।

प्रदेश सरकारले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र झापामार्फत दूध उत्पादक किसानको विवरण प्रमाणित गरेपछि अनुदान रकम निकासा गरिएको पशु सेवा विज्ञ केन्द्र झापाकी प्रमुख शीतल भट्टराईले जानकारी दिए । उनका अनुसार जिल्लामा धेरै डेरी उद्योग सञ्चालनमा भएपनि रीतिका डेरी उद्योगले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र झापा र कोशी प्रदेश सरकारसँग समन्वय गरेर किसानलाई अनुदान वितरण गर्ने कार्यक्रम सञ्चालन गरेको हो।

दूध उत्पादक किसान योगेन्द्र खनालले गाई पालेर दूध बेच्दा पनि यसरी अनुदान पाइन्छ भन्ने कुरा किसानको कल्पना बाहिरको विषय भएको जनाउँदै निर्वाहमुखी पशुपालन गर्दै आएका आम किसान हातहातै अनुदान पाउँदा व्यावसायिकतातर्फ अग्रसर बन्ने धारणा व्यक्त गरे।

# असहाय वृद्धाहरुको रोजगारी केन्द्र 'हाटबजार'

सुमित्रा अधिकारी
बुटवल।

बुटवल उपमहानगरपालिका कार्यालय अगाडि हाटबजारमा विगत चार दशकदेखि तरकारी र फलफूलको व्यापार गर्दै आएकी ७६ वर्षीया नानी गुरुङको जीविकोपार्जनको प्रमुख आधार हाटबजार बनेको छ। बुटवलको चिडियाखोला सुकुम्बासी टोलकी वृद्धा उनीको घरमा अन्य सहारा कोही पनि छैनन् । सोह्र वर्षको कलिलो उमेरमा उनको आफूभन्दा दुई वर्ष जेठा गोपाल ठकुरीसँग विवाह भयो। भारतीय सेनामा कार्यरत पति निवृत्त भएर स्वदेश फर्केपछि बुटवलमा मजदुरी गर्दा गर्दै क्षयरोगले थलिएर निधन भयो।

हाटबजारमा आफ्नै प्रदर्शनीकक्ष अगाडि रहेको तत्कालीन बुटवल नगरपालिकाको भवन देखाउँदै पतिको मृत्युपछि त्यही भवन बनाउने काममा मजदुरी गरेर जीवन निर्वाह गरेको बताइन्। उमेर ढल्किँदै गएपछि श्रमिकको काम गर्न नसक्ने अवस्था भएपछि एकमात्र छोरी निरुको आग्रहमा हाटबजारमा हरियो तरकारीको व्यवसाय सुरु गरेको बताउँछिन्।

हरेक हप्ता लाग्ने हाटबजारमा चार दशकअघि आमा छोरीले सुरु गरेको व्यवसायमा हरियो तरकारी, टिम्मुर, सिद्रा माछा, सिन्कीजस्ता मौसमअनुसारको व्यापार गर्दै आएको उनको भनाई छ।

आफू २३ वर्षको हुँदा छोरी जन्मिएकी छोरी मात्र एक सन्तानका रुपमा नाति रहेको बताउँछिन्। 'नाबालक टुहुरो नाति म सँगै बस्थ्यो अहिले रोजगारीका लागि विदेश गएको दुई महिना भयो', उनले भनिन् 'नातिनीहरू भने विवाह भएर आ-आफ्नो घरमा छन्, म भने हरेक दिन बिहान हाटबजार आउँछु बिहानको खाना होटेलमै खान्छु, साँझको खाना भने माइली नातिनीले ल्याइ दिन्छिन्।' अहिले आफ्नो सहारा भनेकै नातिनीहरू रहेको उनले बताउँछिन्।

हरेक शनिबार र बुधबार बुटवलमा लाग्ने यो हाटबजारमा जीवन गुजार्न केही व्यापार पनि हुने र समय कटाउन पनि सहज हुने भएकाले नियमितजसो आउने गरेको उनी बताउँछिन्। 'घरमा बस्न, दिन कटाउन गाह्रो हुन्छ, यहाँ आएपछि



दिदी बहिनीसँग कुराकानी गरेर दिन कट्छु', उनले भनिन् 'व्यापार गर्ने दिदीबहिनीले पनि बजारको दिन एक दिन नआउँदा बजै किन आउनुभएन भनेर सोधीखोजी गरेर बोलाउने गर्दछन्।'

बुटवल उपमहानगरपालिका-११ मजुवा घर भएकी मन्दिरा गौचन उमेरले सात दशक पार गरिन्। उनको जीवन निर्वाहको मुख्य आधार पनि यही हाटबजार बनेको छ। उनले विगत २५ वर्षदेखि हाटबजारमा हरियो तरकारी र सालको पातजस्ता दैनिक उपभोग्य वस्तुको व्यापार गर्दै त्यसैको आम्दानीबाट घर व्यवहार चलाउँदै आएको बताउँछिन्। उनको एक छोरी र एक छोरा छन्, दम र मुटुको बिरामी वृद्धा गौचनका श्रीमानको पनि चार वर्षअघि दम र मुटुको बिरामीले थलिएर मृत्यु भएको बताउँछिन्।

वृद्धा गौचनको कमाइको मुख्य आधार नै हाटबजार हो। बुटवलको उपमहानगरपालिका-११ मजुवामा बस्दै आएकी ५२ वर्षीया कल्पना क्षेत्रीका पति १२ वर्ष पहिले भारतमा कमाउन भएका अहिलेसम्म फर्केका छैनन्। चार सन्तानकी आमा क्षेत्रीको पढ्दै गरेको छोरो पनि बीचमै पढाइ छाडेर दुई वर्षअघि कमाउन भारत पसेको छोराको पनि अहिलेसम्म कुनै पत्तो छैन। दैनिक जीवन चलाउने विकल्प नभएपछि हाटबजारमा कहिले सालको पात, कहिले हरियो मकै, कहिले हरियो साग र तरकारी बेचेर गुजारा चलाइराखेको उनी बताउँछिन्।

'पहिला अलि व्यापार हुन्थ्यो, दिनमा दुई हजार रुपैयाँसम्म बचत हुन्थ्यो। अहिले दिनमा चारदेखि पाँच सय रुपैयाँ मात्र बचत हुन्छ', उनले भनिन्। बुटवलको मुख्य बजार क्षेत्र बुटवल उपमहानगरपालिका-४ मा साताको दुई दिन लाग्ने हाटबजारमा व्यवसायीले बजार लगाउने गर्छन। यहाँको बजारमा झण्डै तीन हजार बढीले प्रत्येक बजारमा व्यवसाय गर्दै आएका छन्। रुपन्देही जिल्लामा लाग्ने यस्ता हाट बजारमा प्रत्यक्ष अप्रत्यक्ष ५० हजार मानिसले रोजगारी पाएको हाट बजार व्यवसायी सङ्घ रुपन्देहीका अध्यक्ष टेकबहादुर जिसी बताउँछन्।

यी हाट बजारमा आमसर्वसाधारणलाई दैनिकरुपमा आवश्यक पर्ने उपभोग्य सामान किनमेल हुने गर्छ। तरकारी, फलफूल, खाद्यान्न, खसीबोका, कुखुरा, हाँस, परेवा, माछामासु, कपडाजस्ता वस्तु हाटबजारमा खरिद गर्न आउनेको भीड लाग्ने गरेको अध्यक्ष जिसी बताउँछन्। यी बजारमा मौसम अनुसारका कृषि उत्पादन ग्रामीण क्षेत्रबाट किसानले आफैँ बजारसम्म ल्याएर बिक्री गर्ने गरेको उनको भनाई छ।

हाटबजारमा मङ्सिरदेखि वैशाखसम्म अधिकांश नेपाली कृषि उत्पादनले नै धान्ने गरेको र वर्षायाममा भारतीय उत्पादन खपत हुने गरेका छन्। स्थानीय पालिकाले आफ्नो क्षेत्र ठेक्का प्रक्रियाबाट हाटबजार सञ्चालन गर्दै आएका छन्। यसबापत स्थानीय पालिकाले व्यवसायीबाट बैठकी करस्वरुप प्रतिस्टल ५० देखि दुई सय रुपैयाँसम्म लिने गरेको अध्यक्ष जिसी बताउँछन् तर व्यापार नहुँदाको अवस्थामा राज्यका निकायलाई बुझाउनुपर्ने विभिन्न करले व्यवसायीलाई मर्का परेको उनको गुनासो छ।

वर्षौंदेखि हाटबजारमा व्यवसाय गरेर जीविकोपार्जन गर्दै आएका वृद्धवृद्धा, असक्त र विभिन्न समुदायका व्यवसायीका लागि हाटबजार व्यवसायी सङ्घले लिने सेवा शुल्कमा केही छुटको व्यवस्था गरेको छ तर व्यवसाय गरेबापत राज्यका निकायलाई तिर्ने करमा कुनै सुविधा नभएको अध्यक्ष जिसी बताउँछन्। 'हामीले यस्ता समूहका व्यवसायीलाई कुनै न कुनै हिसाबले सुविधा उपलब्ध गराउन स्थानीय पालिकालाई पटक पटक भन्यौँ', उनले भने 'हाम्रो मागको सुनुवाइ कही कसैले पनि गरेन।'

बुटवल उपमहानगरपालिकाका उपप्रमुख सावित्रादेवी अर्याल बुटवल क्षेत्रभित्रका सम्पूर्ण हाटबजारलाई योजनाका साथ व्यवस्थित गर्न थालिएको बताइन्। उनले अहिले बुटवलको हाटबजारलाई केही व्यवस्थित गर्ने कार्यको सुरुआत भएको अन्य बजारलाई पनि व्यवसायीसँग सल्लाह गरेर अगाडि बढ्ने योजनामा रहेको बताउँछिन्।

# ड्रागन बोट रेस फेस्टिभल : पर्यटनका लागि महत्वपूर्ण

वासुदेव पौडेल
गण्डकी।

नेपाल र चीनबीचको सांस्कृतिक तथा जनस्तरसम्मको सम्बन्ध सुमधुर बनाउँदै नेपालमा चिनियाँ पर्यटक बढाउने उद्देश्यका साथ पोखरामा पहिलोपटक हुन लागेको 'नेपाल चीन फ्रेण्डसीप ड्रागन बोट रेस फेस्टिभल' पर्यटनका लागि महत्वपूर्ण बन्ने विश्वास लिइएको छ।

कोरोना महामारीका कारणले सुस्ताएको पर्यटनले विस्तारै गति लिँदै गर्दा नेपाल पर्यटन बोर्ड, नेपालस्थित चिनियाँ दूतावास र पोखरा महानगरपालिकाको संयुक्त आयोजनामा पोखराको फेवातालमा ड्रागन बोट रेस हुन लागेको हो। यही असार ८ र ९ गते सञ्चालन हुने फेस्टिभलको तयारी भइरहँदा यतिखेर पोखराका पर्यटन व्यवसायी उत्साहित बनेका छन्। फेवाताल किनार क्याम्पिङ चोकमा हुने फेस्टिभलले अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धनमा विशेष टेवा पुग्ने अपेक्षा गरिएको पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले बताए। 'चीन नेपालको पर्यटनका लागि महत्वपूर्ण अन्तर्राष्ट्रिय बजार हो', उनले भने 'ड्रागन बोट रेस फेस्टिभलले आगामी दिनमा चिनियाँ पर्यटकको आगमन बढाउन प्रवर्द्धनको काम गर्नेछ।'

फेस्टिभलका लागि पोखरा पर्यटन परिषद् र चाइनिज ओभरसिज एशोसिएसन पोखरा सहयोगी संस्थाका रूपमा रहेका छन्। फेस्टिभलमा हुने डुङ्गा दौडका लागि चीनबाट आठ वटा विशेष खालका डुङ्गा पोखरा ल्याएर परीक्षण सुरु गरिएको उनले बताए। फेस्टिभलअन्तर्गत चिनियाँ चार र नेपाली चार गरी आठ टोलीबीच



डुङ्गा दौड प्रतियोगिता गरिनेछ। पाँच सय र एक हजार मिटरको दौडमा प्रतिष्पर्धा हुनेछ। बोट रेसका लागि गत वैशाख २१ गते नेपाल पर्यटन बोर्ड, चिनियाँ दूतावास र पोखरा महानगरपालिकाबीच सम्झौतापत्रमा हस्ताक्षर भएको थियो। चीनले यस प्रकारका बोट रेस फेस्टिभल ५० भन्दाबढी देश र क्षेत्रमा आयोजना गर्दै आएको छ।

फेस्टिभलमा चीनबाट विशिष्ट पाहुनाको सहभागिता हुने र यसैका सन्दर्भमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा पहिलोपटक अन्तर्राष्ट्रिय चार्टड उडान हुने भएको छ। नेपाल-चाइना ड्रागन बोट रेस फेस्टिभलका लागि उक्त उडानमार्फत लगभग एक सय ३० जना आउने अनुमान गरिएको अध्यक्ष श्रेष्ठले जानकारी दिए।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट चिनियाँ विमान कम्पनी सिचुआन एयरलाइन्सले पहिलो अन्तर्राष्ट्रिय उडान भर्ने भएको हो। नेपाल नागरिक उड्डयन प्राधिकरण र सिचुआन एयरलाइन्सबीच गत शुक्रबार सम्झौता गरिएको हो। प्राधिकरणका अनुसार सिचुआन एयरलाइन्सले आगामी जुन २१ ( असार ६)मा चार्टर्ड उडानका लागि अनुमति पाएको हो। उक्त एयरलाइन्सले चीनको छेन्दुबाट पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा उडान गर्नेछ।गत पुस १७ गते (सन् २०२३ को जनवरी १ तारिख) उद्घाटन गरिएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा हालसम्म पनि अन्तर्राष्ट्रिय उडान हुन नसकेका अवस्थामा असार ६ गते पहिलोपटक अन्तर्राष्ट्रिय उडानमार्फत चिनियाँ टोली अवतरण गर्नेछन्। पोखरा चिनियाँ पर्यटकको राम्रै रोजाइमा पर्ने गन्तव्य हो। यहाँ आउने चिनियाँ पर्यटक विशेषतः प्राकृतिक सुन्दरताको अवलोकन र प्याराग्लाइडिङ, अल्ट्रालाइट, बन्जीलगायतका साहसिक पर्यटनमा रुचि राख्ने गर्दछन्। नेपालमा भित्रने चिनियाँ पर्यटकमध्ये ९० प्रतिशतभन्दा बढी पोखरा आउने गरेको अध्यक्ष श्रेष्ठले जानकारी दिए। दक्षिण एशियामा नै पहिलो पटक हुन लागेको यस प्रतियोगिता पोखरेलीका लागि महत्वपूर्ण अवसर रहेको पोखरा महानगरपालिका पर्यटन समितिका उपाध्यक्ष रविन्द्रराज पौडेलले बताए। 'कोभिडबाट थलिएको पर्यटनलाई उकास्नका लागि यो फेस्टिभल आफैँमा विशेष छ', उनले भने 'यसलाई भव्य र सभ्यरुपमा सम्पन गर्नु हाम्रो महत्वपूर्ण जिम्मेवारी हो।' फेस्टिभलसँगै पोखरामा चिनियाँ पर्यटकको आगमन बढ्ने उल्लेख गर्दै उनले यहाँ सञ्चालित साहसिक पर्यटनका गतिविधि सधैँ उनीहरूको रोजाइमा पर्ने गरेको बताए।

पोखरामा पर्यटकलाई लक्षित गरी निर्माण गरिएका साना तथा ठूला गरी सात सयको सङ्ख्यामा होटेल रहेको होटेल एशोसिएसन नेपाल ( हान) पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिए। पोखरामा होटेल पूर्वाधारमा मात्रै चार खर्ब रुपैयाँभन्दा बढीको लगानी भइसकेको उनले बताए। 'यहाँ नेपालीका साथै चाइनिजले सञ्चालन गरेका रेष्टुरेन्ट पनि छन्', उनले भने 'चिनियाँ भाषा जानेका पर्यटक गाइडको सङ्ख्या पनि राम्रै छ।' पोखरा आउने चिनियाँ पर्यटकलाई चिनियाँ परिकारको कुनै समस्या नहुने उनले बताए।

# संघलाई साझेदार बनाई नीति र बजेट बनाउन व्यवसायीको ध्यानाकर्षण



**मधेशदृष्टि**
**वीरगंज।**
उद्योग, वाणिज्य, पर्यटन र रोजगारसँग जोडिने बिषयमा नगर उद्योग वाणिज्य संघलाई एउटा साझेदारको रुपमा स्वीकार गर्दै नीति र बजेट तर्जुमा गर्न जितपुरसिमराका उद्योगी व्यवसायीले स्थानीय सरकारको ध्यानाकर्षण गराएका छन्।

जितपुरसिमरा नगर उद्योग वाणिज्य संघले ३ बुँदे ध्यानाकर्षणपत्र मार्फत आज उपमहानगरपालिकाका प्रमुख राजन पौडेललाई नगरक्षेत्र भित्र हुने सामाजिक कार्यमा उद्योग वाणिज्य संघलाई स्थानीय सरकारको साझेदार संस्थाको रुपमा अंगिकार गर्न आग्रह गरेको हो। संघका अध्यक्ष मोहन शर्माको नेतृत्वमा गएको प्रतिनिधि मण्डलले जितपुर सिमराको विकास निर्माणका कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै बजारको उचित व्यवस्थापन गर्न मेयर पौडेलसँग माग गरको छ।

संघले बाटो निर्माणको समयमा सवारी साधन सहजढंगबाट संचालन हुनेगरी कार्यगर्न, सडकको विचमा वा किनारामा रहेको नालामा ढकन लगाउन र सरसफाईमा प्रभावकारी रुपमा अगाडी बढाउन उपमहानगरपालिकाको ध्यानाकर्षण गरेको छ। विद्युतको पोल लगाउन र बजार क्षेत्रको विद्युतिकरणलाई व्यवस्थित गरी नगरको सौन्दर्यकरणमा समेत ध्यान दिन मेयर पौडेललाई आग्रह गरेको छ। संघले बुझाएको ध्यानाकर्षण पत्रमा कोभिड १९ को कारण उद्योग व्यापारको क्षेत्रमा नकरात्मक प्रभाव परेको र पछिल्लो समयमा मूलुकमा देखापरेको आर्थिक मन्दीको मारमा उद्योग व्यवसाय धारासायी हुने अवस्था देखिएको बिषयंम परिस्थितिमा जीतपुरको गुदरी बजार र सिमरा लगायतको स्थानमा नगरपालिकाको स्वामित्वमा रहेका व्यापारीक सटर र पसलहरुको भाडा तिर्ने म्याद २०८० पुष मसान्त सम्म बढाउन र त्यसमा छुट तथा सहुलियत दिन संघले उपमहानगरपालिकासँग आग्रह गरेको छ।

उपमहानगरपालिकाले उठाउदै आएको विभिन्न करको कारण अप्ठारोमा परेका उद्योग व्यवसायलाई सहजढंगले व्यापार गर्ने वातावरण बनाउन, करको दर भन्दा दायरा फराकिलो बनाई स्थानीय सरकारले लिने करका शिर्षकहरु समेत समयानुकुल बैज्ञानीक र जनमैत्री बनाउन संघले मेयर पौडेलसँग आग्रह गरेको छ। नगरको विकासको मूल स्रोत राजश्व र करलाई व्यवस्थित र पारदर्शी रुपमा लागु गर्न नगर उद्योग वाणिज्य संघको समेत सहभागीता रहनेगरी एक राजश्व तथा कर व्यवस्थापन सम्वन्धि एक विज्ञहरु रहेको समिति गठन गर्न मेयर पौडेलको ध्यानाकर्षण गरिएको नगर उद्योग वाणिज्य संघका अध्यक्ष शर्माले बताए। जीतपुरसिमरामा औद्योगीक प्रर्दशनी, मेला, महत्सोव, कृषि, पर्यटन तथा सास्कृतिक मेलाहरु गर्न उद्योग वाणिज्य संघलाई स्थानीय सरकारले साझेदारको रुपमा राख्न समेत आग्रह गरिएको अध्यक्ष शर्माले जानकारी दिए।

# संशोधन नभए बजेट पास हुन नदिने डा. राउतको चेतावनी



**मधेशदृष्टि**
**वीरगंज।**
जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त (सिके) राउतले सांसदहरुको मागअनुसार बजेट संशोधन नभए बजेट पास हुन नदिने बताएका छन्। सोमबार प्रतिनिधि सभा अन्तरर्गतको पूर्वाधार विकास समितिको बैठकमा बोल्दै अध्यक्ष डा. राउतले बजेटमा सांसदका मागहरु सम्बोधन हुने गरी बजेट सशोधन नभए सत्तापक्षका सांसदहरुले नै बजेट पास हुन दिन नहुने बताएका हुन्। उनले पूर्वाधार विकास समितिले सुझावसहित बजेट संशोधनको प्रस्ताव लैजान माग गरे। अध्यक्ष राउतले उनले सुझावसहित बजेट संशोधनको प्रश्तव कार्यान्वय नभएपनि सरकारले ल्याएको बजेट संशोधनको आवश्यकता रहेको बताए। उनले एक जना मन्त्रीले मात्रै बजेट बनाउने भए २७५ सांसदहरु आवश्यकता नभएको भन्दै निर्वाचित भएर आएका सांसदहरुको कुरा सरकारले सुन्नुपर्ने जिकिर गरे।

# गोलिया सहित मोटरसाईकल बरामद



**मधेशदृष्टि**
**वीरगंज।**
पर्सागढी नगरपालिका वडा नं.३ बडनिहारस्थित डेरी रोडबाट एक थान सालको गोलिया सहित मोटर साईकल बरामद भएको छ।
सब डिभिजन वन कार्यलयबाट खटिएका वन कर्मचारीको टोलीले सालको गोलिया सहित मोटर साईकल बरामद गरेको हो। सव डिभिजन वन कार्यलय बडनिहारका फरेस्टर पुरुषोत्तम पटेलको कमाण्डमा खटिएको वनकर्मीको टोलीले तस्करले वन क्षेत्रबाट रुख कटान गरि मोटरसाइकलमा लैजादैं गरेको अवस्थामा गएराति मोटर साईकल सहितको काठ बरामद गरेको डिभिजन वन कार्यालय पर्साले जनाएको छ।
ना ५५ प १७५८ नम्बरको होण्डा साइनको मोटरसाइकलमा पछाडि राखेर सालको गोलिया जंगलबाट गाउँ तर्फ ल्याउदै गरेको अवस्थामा तस्करले बन गस्ती टोलीलाई देख्ना साथ मोटर साईकल र काठ छोडेर फरार भएका थिए।
तस्करीमा संलग्न व्यक्तिको मोटर साईकलको आधारमा पहिचान भई सकेको र निजलाई पक्राउ गरी कारवाहीको दायरामा ल्याईने डिभिजन वन कार्यालय पर्साले जनाएको छ।

# पिछडावर्ग महासंघको नगर अधिवेशन सम्पन्न



**मधेशदृष्टि**
**वीरगंज।**
अखिल नेपाल पिछडावर्ग महासंघको पोखरीया नगर समितिको प्रथम नगर अधिवेशन सम्पन्न भएको छ। पिछडावर्ग महासंघका केन्द्रिय अध्यक्ष तेज प्रसाद निसादको उपस्थितिमा सम्पन्न अधिवेशनले शिवपुजन साह गोढको अध्यक्षतामा ३१ सदस्यीय नगर समिति निर्विरोध चयन गरेको छ। समितिको उपाध्यक्षमा शैलेश साह कानू ,सचिव मा गोरख साह तेली , सह सचिवमा रमेश प्रसाद कुर्मी, कोषाध्यक्षमा परमा शाह कानु, सदस्यमा सुग्रिम पटेल, रामप्रसाद कुशवाहा, बिकेश प्रसाद कुशवाहा ,ज्ञान बहादुर साह तेली ,लालू साह तेली लगायतका व्यक्तिहरु रहेका छन्।

अधिवेशनको उद्घाटन सत्रमा नेकपा एमाले पोखरीया नगर कमिटीका अध्यक्ष विन्धाञ्चल ठाकुर, नगर प्रमुख प्रद्युमन चौहान, एमालेका जिल्ला सदस्य राधा साह कानु, भगवान प्रसाद कुर्मी लगायतको उपस्थिति रहेको थियो।

# भन्सार छलीका समाग्री नियन्त्रणमा



**मधेशदृष्टि**
**वीरगंज।**
सशस्त्र प्रहरीले वीरगञ्जबाट भन्सार छलीका सामग्री नियन्त्रणमा लिएको छ। सशस्त्र प्रहरी बल गुल्म वीरगंजका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक रामजंग पाण्डे नेतृत्वको टोलीले २ लाख ५९ हजार भन्दा बढी मूल्य बराबरको सामग्री नियन्त्रणमा लिएको हो। वीरगंज महानगरपालिका वडा नम्बर १६ भन्सारस्थित चेकप्वाइन्ट तथा अन्य विभिन्न स्थानबाट भन्सार छली रक्सौलबाट वीरगंज भित्र्याईएको भारतीय लत्ताकपडा, स्पिकर बोर्ड लगायतका सामग्री नियन्त्रणमा लिएको डिएसपी पाण्डेले बताए। बरामद गरिएको सामान तत्काल वीरगंज भन्सार कार्यालयमा बुझाइएको पाण्डेले बताए।

# खेलकुदको आयोजना गर्न बजेट विनियोजन



**मधेशदृष्टि**
**जनकपुरधाम।**
अगामी ११ औं राष्ट्रिय खेलकुदको आयोजना मधेश प्रदेशमा गर्नका लागि मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८०/८१ बजेटमा २५ करोड रकम विनियोजन गरेको छ।

यस बजेटबाट मधेश प्रदेशका जिल्लाहरूमा खेलकुदको पूर्वाधारको निर्माण तथा मरम्मतको काम गर्ने कार्यक्रम रहेको मधेश प्रदेशका अर्थमन्त्री संजय कुमार यादवले जानकारी दिएका छन्। मधेश प्रदेशका राजधानी सहितका विभिन्न जिल्लाहरूमा त्यस बजेटबाट भएको भौतिक पूर्वाधारको मरम्मत तथा नयाँ पूर्वाधारहरूको निर्माण गर्ने अर्थ मन्त्रालयले जानकारी दिएको छ। मधेश प्रदेशका जिल्लाहरूमा पञ्चायतकालमा निर्माण भएको खेलकुदका पुराना संरचनाहरू भएपनि मुलुकमा लोकतान्त्रिक व्यवस्था स्थापना भएपछि खेलकुदको क्षेत्रमा कुनै नयाँ संरचनाको निर्माण हुन सकेको छैन। जनकपुरधाममा रामजानकी अन्तर्राष्ट्रिय रंगशालाको लागि राष्ट्रिय खेलकुद परिषद्ले गुठी संस्थानबाट साढे १७ विघा जग्गा लिजमा प्राप्त गरेर केही पूर्वाधारको निर्माणको थालनी गरेपनि यसको सम्पूर्ण संरचनाको निर्माण गर्नका लागि पाँच अर्ब बजेट लाग्ने अवस्था रहेको छ। रामजानकी अन्तर्राष्ट्रिय रङ्गशालामा क्रिकेट, फुटबल, भलिबल तथा हक्की खेलको पूर्वाधारहरू एक साथ निर्माण गर्ने कार्यक्रम रहेको र यो रंगशाला निर्माण भएको खण्डमा मुलुककै नमूना रंगशाला बन्ने यसका अभियन्ता दिनेश पूर्वेले जानकारी दिएका छन्। यसका साथै यस क्षेत्रको खेलकुद पर्यटनमा पनि ठूलो टेवा पुग्ने भएको छ। रंगशालाको शुरुवाती निर्माणमा जनकपुरधाम उपमहानगरपालिकाले केही बजेटको व्यवस्थापन गरेको भएपनि त्यसले माटो सम्याउने, क्रिकेटको खेलमैदान बनाउने तथा विद्युतको पोल हटाउने काम भएको छ। राष्ट्रिय खेलकुद परिषद्ले प्रदान गरेको बजेटबाट कम्पाउन्ड वाल सहितको तारवार गर्ने काम थोरै मात्रामा भएको छ। मधेश प्रदेशमा खेलकुदको व्यापक सम्भावना भएपनि पूर्वाधारको अभाव रहेको छ। जनकपुरधाम कुनै वेला हरेक खेलकुदमा अगाडि भएपनि अहिले पछाडि परेको छ।

# विद्युत हुकिङ्ग गर्ने आठ पक्राउ



**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल विद्युत प्राधिकरण पोखरीया वितरण केन्द्र र इलाका प्रहरी कार्यालय पोखरीयाबाट खटिएको गस्ती टोलीले पर्साको ग्रामिण इलाकाबाट विद्युत हुकिङ्ग गरी चोरी गर्ने ८ जनालाई पक्राउ गरेको छ। टोलीले पर्साको छिपहरमाई गाउँपालिका वडा नम्बर १ भलुवहियाका शेषनाथ राउत अहिर, मिर्जापुरबाट पपु राम, विन्दवासिनी गाउँपालिका वडा नम्बर ५ हसवाका राजकुमार सहनी, कवी सहनी, पिपराका मुखलाल पटेल, रामबाबु पटेल, दिनेश यादवलाई पक्राउ गरेको विद्युत प्राधिकरण पोखरीया वितरण केन्द्रले जनाएको छ।

चुहावट नियन्त्रण टोलीले गस्ती गर्ने क्रममा विद्युत चोरी गरी प्रयोग गरेको भेटिएपछि अभियुक्तहरुलाई घर घरबाट नियन्त्रणमा लिईएको र उनिहरुलाई थप कारवाहीका लागि इलाका प्रहरी कार्यालय पोखरियामा राखिएको छ।

# माग सम्वोधन नगरिए आन्दोलन गर्ने महासंघको चेताबनी

**मधेशदृष्टि**
**जनकपुरधाम।**
आदीवासी जनजाति महासंघ हंसपुरले तीनदिन भित्र माग पुरा गर्न हंसपुर नगरपालिकालाई चेताबनी दिएको छ।
महासंघले सोमबार नगरपालिकामा ज्ञापनपत्र बुझाउदै माग पुरा गर्न तीन दिनको अल्टिमेटम दिएको छ।
ज्ञापनमा उल्लेख अनुसार हंसपुर नगरपालिकाले आदीवासी जनजाती सूचिकरण कार्यविधी २०७८ पास गरि २०७८ पुस २६ गतेमा कार्य समुह गठन गरेको र सो कार्य समुहले चैत १७ गते हंसपुर नगरपालिका क्षेत्र भित्रका अमात,कुम्हार,कुर्मी,केवट,भेडिहार,िवन्द,मलाह,माली र वरही गरि नउ जातीलाई आदिवासी जनजातीमा सूचिकृत गर्न प्रतिवेदन बुझाईसकेको र सूचिकरण कार्य समहुको प्रतिवेदन अनुमोदन गरि राजपत्र समेत प्रकाशित गरीसकेको छ। हंसपुर नगरपालिकाले आदिवासी जनजातीमा सुचिकृत गरि सकेका जातीहरुबारे सम्वन्धित निकायमा जानकारी गराउन तथा सेवा सुविधा प्रवाह गर्न पटक पटक लिखित एवम मौखिक रुपले भनी रहदापनि  वर्तमान नगर प्रमुखले वास्ता नगरि हाम्रो अनुरोधलाई अस्विकार गरि विभेद गर्दै आएकोले आदिवासी जनजातीहरु वाध्य भई ज्ञापनपत्र बुझाउन उपस्थित भएको उल्लेख गरिएको छ। साथै आजका मितिले तीन दिन भित्र माग सम्वोधन भएन भने हामी अर्को कदम चाल्न बाध्य हुने र त्यसबाट हुने क्षतिको सम्पुर्ण जवाफदेही नगरपालिकाको हुने चेतावनी समेत ज्ञापनपत्र मार्फत दिइएको छ। ज्ञापनपत्रको बोधार्थ मानव अधिकार आयोग काठमाडौं,प्रधानमन्त्री तथा मन्त्रीपरिषद कार्यालय,संघीय मामिला तथा समान्य प्रसासन मन्त्रालय,मुख्यमनत्री तथा मन्त्री परिषद कार्यालय,जिल्ला प्रशासन कार्यालय धनुषा र जिल्ला समन्वय समिति धनुषालाई बुझाइएको छ।

# खोला उत्खनन् गर्न स्थानीयद्वारा रोक



**मधेशदृष्टि**
**जनकपुरधाम।**
पूर्वपश्चिम राजमार्ग अन्तर्गत धनुषाको चारनाथ खोलामा भइरहेको ग्राभेल उत्खननमा स्थानीयवासीले रोक लगाएको छ। खोलामा पानीको बहाव बनाउने बहानामा खोलाबाट खनिएको ग्राभेल अन्यत्र लगेको पाएपछि स्थानीयले रोक लगाएको हो।
सोमबार बिहान कमला नदी अवैध उत्खननविरुद्धका संघर्ष समितिका संयोजक बाली शर्मासहितका पदाधिकारी र गणेशमान चारनाथ नगरपालिका श्रीराम टोलका सयौं जनाले खोला पुगेर तत्काल खोला खन्न रोक लगाएको बताइएको छ। उनीहरु खोलामा पुगेपछि खोलामा रहेका टिपरको भागभाग भएको थियो।खोलामा २० देखि २५ फिट चौडाई तथा १५ देखि २० फिट गहिराइसम्म ग्राभेल खनिएको स्थानीयवासीको भनाइ छ।
खनिएको ग्राभेल खोला क्षेत्रमै राख्नुपर्नेमा टिपरमा लोड गरेर अन्यत्र ओसारिएको दाबी उनीहरुको छ।
सरकारी साधन स्रोतमा अवैध उत्खनन भइरहेको बताउँदै उनीहरुले गणेशमान चारनाथ नगरपालिकाका मेयर जितनारायण यादव र उपमेयर तुलसा पाण्डेको मिलोमतोमा यो सब भइरहेको आरोपसमेत लगाए।
गणेशमान चारनाथ नगरपालिकाका मेयर यादवले जिल्ला विपद् व्यवस्थापन समितिको निर्देशनअनुसार चारनाथ पुलेदेखि झण्डै डेढ किलो मिटर दक्षिणसम्म खोलामा पानीको बहाव बनाउन खोला खनिएको बताए।
नगरपालिकाको साधन स्रोतमा खोलाको दुई भागमा पानीको बहान बनाउने कार्य भइरहेको बताउँदै उनले एक चम्चा बालुवासमेत खोलाभन्दा बाहिर नगएको दाबी गरे।सस्तो लोकप्रियता कमाउन विपक्षी दलका कार्यकर्ताले झूठो हल्ला फैलाएको मेयर यादवको भनाइ छ। उनले भने, पुल वरिपरी तथा खोलामा गिट्टी बालुवा थुप्रिएर खोलाको सतह माथि उठेको छ।
बर्षा तथा बाढीको समयमा पुल खोजिममा पर्ने र दक्षिणी भेगका आधा दर्जन गाउँ डुबानमा पर्ने खतरा रहेकाले खोलामै नहर आकारमा पानीको बहाव बनाउने कार्य भइरहेको जनाए।
कमला नदी अवैध उत्खननविरुद्धका संघर्ष समितिका सचिव कपिल न्यौपानेले जिल्ला विपद् व्यवस्थापन समितिको पत्रअनुसार पुलको उत्तर र दक्षिण भागमा तीन-तीन सय मिटर मात्रै खन्न भनिएको छ। तर, यहाँ झण्डै दुई किलो मिटर परसम्म खनिएको छ त्यो पनि २०-२० फिट गहिरो। पानीको बहाव बनाउने हो भने यति गहिरो किन ? पानीको बहाव बनाउने नाउँ अवैध उत्खनन मौलाएको उनले भने।

# हामफालेर ज्यान जोगाएका चालकको मृत्यु

**मधेशदृष्टि**
**जनकपुरधाम।**
कर्णाली नदीमा जिप खस्दा हाम फालेर ज्यान जोगाएका जनकपुरधामका चालकको मृत्यु भएको छ।
सोमबार बिहान हुम्लाको नाम्खा गाउँपालिका-२, च्याछ्रा भिरमा कर्णाली नदीमा खसेको जिपबाट हाम फालेर ज्यान जोगाएका जनकपुरधामका २५ वर्षीय राजेश लामाको मृत्यु भएको हो।
हुम्लाका सहायक प्रमुख जिल्ला अधिकारी अमृतप्रसाद सुवेदीका अनुसार गम्भीर घाइते लामाको थप उपचारका लागि हेलिकोप्टरमार्फत् उद्दार गर्ने तयारी भइरहेको थियो।
हुम्ला सदरमुकाम सिमकोटबाट हिल्सा जाँदै गरेको प्रदेश ३- २२२६ नम्बरको जिप च्याछ्रास्थित कर्णाली नदीमा खसेको थियो।चालकसहित १३  जना सवार जिप च्याछ्हरा भिरमा उकालो चढ्दै गरेको अवस्थामा एक्कासी कर्णाली नदीमा खसेको थियो। उकालो भएका कारण अन्य १२ जना यात्रुहरूलाई ओरालेर लामा आफू एक्लैले जिप लगेर गएका थिए।

**कटहरिया नगरपालिका**
**Katahariya Municipality**
**नगर कार्यपालिकाको कार्यालय**
**Office of Municpal Executive**
**कटहरिया, रौतहट**
Katahariya, Rautahtat
**मधेश प्रदेश, नेपाल**
Madhesh Province Nepal

**विषय :- नगर सभाको आठौं अधिवेशन (सातौ बजेट अधिवेशन) आह्वान गरिएको सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा यस कटहरिया नगरपालिकाको नगर सभा अध्यक्ष श्री अजय प्रकाशज्यूले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को प्रयानार्थ (बजेट अधिवेशन) तपसिल बमोजिमको स्थान, मिति र समयमा नगर सभाको बैठक प्रारम्भ हुने गरी नगर सभाको आठौं अधिवेशन (सातौं बजेट अधिवेशन) आह्वान गर्नु भएकोले कटहरिया नगरपालिका नगर कार्यपालिकाका सदस्यज्यूहरु, वडा अध्यक्षज्यहरु,  वडा सदस्य ज्यूहरु लगायत नगर सभाका सम्पूर्ण सदस्यज्यूहरुलाई कटहरिया नगरपालिका नगर सभा बैठकमा यहाँहरुको गरिमामय उपस्थितिको लागि सादर अनुरोध छ।

तपसिल :-
स्थान :- कटहरिया नगरपालिकाको सभा हल
मिति :- २०८०।०३।१० गतेका दिन
समय : दिउँसो १:०० बजे

**राम प्रकाश साह**
सचिव
कटहरिया नगरपालिका नगर सभा

# आँधीका कारण १३ जनाको मृत्यु ८० हजार विस्थापित



**सिन्ह्वा**
**रियो दि जेनेरियो ।**
ब्राजिलको दक्षिणी क्षेत्रमा आएको आँधीका कारण मृत्यु हुनेको सङ्ख्या कम्तीमा १३ पुगेको छ । आँधीका कारण हजारौं व्यक्ति विस्थापित भएका अधिकारीहरूले बताएका छन् । बिहीबार र शुक्रबार रियो ग्रान्डे डो सुल राज्यमा आएको आँधीका कारण १३ जनाको मृत्यु भएको छ भने अन्य तीन जना अझै सम्पर्कमा नआएको अधिकारीले बताए । मृत्यु हुनेमा एक चार महिनाको शिशु रहेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । साओ लियोपोल्डो शहरकी एक महिलाले आफ्नो नाम उल्लेख नगरिकन एस्टादाओ पत्रिकासँग भनिन् 'घरभित्र हाम्रो कम्मरसम्म पानी आयो । अग्निनियन्त्रकहरू तुरुन्तै आए र हामीलाई डुङ्गामा चढाएर बाहिर निकाले । यसका लागि हामी ईश्वरप्रति आभारी छौं ।' उनीले एउटा अकल्पनीय सपनाजस्तो घटना भएको बताइन् । आँधीपछि आएको बाढीका कारण डुबानमा परेका सयौं मानिसलाई हेलिकप्टरबाट पानी बाहिर निकालिएको छ । आँधीका कारण करिब पाँच हजार परिवार घरवारविहीन बनेका छन् भने झण्डै एक लाख व्यक्ति विद्युतीय सेवाबाट बञ्चित बनेका छन् । बिहीवारदेखि शुक्रबारसम्म आएको चक्रवातका कारण जाखिममा रहेका करिब ८० हजार व्यक्तिलाई प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएको छ ।

# एसियाली खेलकुदका लागि खेलाडी छनोट




**मधेशदृष्टि**
**काठमाडौं ।**
चीनमा हुने १९ औं एसियाली खेलकुदका लागि बक्सिङमा ६ महिला र ७ पुरुष गरी कूल १३ खेलाडी छनोट भएका छन् । छनोट हुनेमा सुष्मा तामाङ, मीन गुरुङ, चन्द्रकला थापा, संगिता सुनार, विनिता थापा मगर र सरस्वती राना मगर छन् । यस्तै रविन थापा, बुद्ध ग्याम्जो लामा, भूपेन्द्र थापा मगर, दिपेश लामा, दीपक श्रेष्ठ, दीपक सुनवार र आशिष दवाडी छनोट भएका छन् ।

फ्लाई वेट ५० किलो महिला तौल समूहअन्तर्गत भएको खेलमा नक्साल बक्सिङ्ग क्लबका सुस्मा तामाङ्गले यचटुओका अस्मिता दुवाललाई स्पिलट डिसिजन ५-२ को आधारमा पराजित गरिन् ।
५४ किलो तौल समूह महिलातर्फ आर्मीकी मीनु गुरुङ्गले बक्समाण्डुकी अन्जली तेलीलाई ४-१ को आधारमा पराजित गरिन् । महिला ५७ किलो तौल समूहमा आर्मीकी चन्द्रकला थापाले नेपाल प्रहरी निशा तामाङलाई युनानिमस ५-० को आधारमा पराजित गरिन् ।

६० किलो महिलातर्फ वाक ओभरको आधारमा एपीएफकी संगिता सुनारले आर्मीकी बर्षा श्रेष्ठलाई पराजित गरिन् भने महिला ६६ किलो तौल समूहमा एपीएफका विनिता थापा मगरले आर्मीकी निरु गुरुङ्गलाई ५-० को युनानिमस डिसिजनको आधारमा पराजित गरे । महिला ७५ केजीमा एपीएफकी सरस्वती राना मगरले एपीएफकी मनिता राईलाई पराजित गरिन् ।

पुरुषतर्फ ५१ किलो तौल समूहमा यचटुओका रविन थापाले नेपाल प्रहरीका चन्द्रबहादुर थापालाई स्प्लिट डिसिजन ५ः२ को आधारमा पराजित गरे । पुरुषतर्फ ५७ किलो तौल समूहमा एचटुओका बुद्ध ग्याम्जो लामाले ४-१ को स्प्लिट डिसिजनको आधारमा बोसिगाउँ क्लबका सुलभ मालीलाई पराजित गरे । पुरुष ६३.५ किलो तौल समूहमा जेनेक्सका मौसम राना मगरलाई ५-० अंकको आधारमा नेपाल प्रहरीका खेलाडी भूपेन्द्र थापा मगरले जीत हासिल गरे । भूपेन्द्र १३ औं दक्षिण एशियाली खेलकुदका स्वर्ण पदक विजेता खेलाडी हुन् ।

पुरुष ७१ किलो तौल समूहमा आर्मीका दिपेश लामाले ४-१ अंकको आधारमा सुदूरपश्चिमका खेलाडी भरत चन्दलाई पराजित गरे । पुरुष ८० किलो तौल समूहमा आर्मीका दिपक श्रेष्ठले बक्समाण्डुका मनोज तामाङ्गलाई वाक ओभरको आधारमा पराजित गरे । पुरुष ९२ किलो तौल समूहमा गण्डकीका दिपक सुनवारले ४-० को अंकको आधारमा एपीएफका रविन नेपाललाई पराजित गरे । ९२ प्लस किलो तौल समूहमा आर्मीका आशिश दवाडी छनोट भए ।

# चीन र अमेरिकाबीच सहकार्य आवश्यक : चिनियाँ कूटनीतिज्ञ



**एएफपी**
**बेइजिङ ।**
बेइजिङका उच्च कूटनीतिज्ञ तथा विदेशमन्त्री वाङ यीले अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनसँगको कुराकानीमा दुई शक्तिशाली विश्व अर्थतन्त्रले सहकार्य गर्नु उत्तम विकल्प हुने बताएका छन् । दुई मुलुकले 'सहकार्य गर्ने वा द्वन्द्व' भन्दा विश्व समुदायको चाहना अनुसार उनीहरूबीच कुटनीतिक मेल हुँदा विश्व समुदायलाई फाइदा हुन्छ ।
'वार्ता र मुठभेड, सहयोग वा द्वन्द्वमध्ये कुनै एक रोज्नु आवश्यक छ,' चिनियाँ विदेशमन्त्री वाङ यीले ब्लिन्केनसँगको भेटमा भने ।
ब्लिन्केनले चिनियाँ कम्युनिष्ट पार्टीका वरिष्ठ नेता तथा विदेशमन्त्री वाङसँग तीन घण्टा कुराकानी गरेको अमेरिकी विदेश मन्त्रालयले जनाएको छ । हालैका वर्षहरूमा विश्वका दुई ठूला अर्थतन्त्रभएका मुलुकहरूबीच व्यापार, प्रविधिदेखि ताइवानसम्मका विषयमा तनाव बढेको छ ।चीनको सरकारी प्रसारक सीसीटिभीका अनुसार वाङले ब्लिन्केनलाई ताइवानसँग सम्झौता गर्ने कुनै ठाउँ नभएको बताए । सीसीटीभीले भनेको छ, 'यस विषयमा चीनसँग सम्झौता गर्ने वा स्वीकार गर्ने ठाउँ छैन ।' भेटमा वाङले आफ्ना अमेरिकी समकक्षी ब्लिङ्केनसँग एक चीन सिद्धान्तको वास्तविक पालना गर्नुपर्ने, चीनको सार्वभौमिकता र क्षेत्रीय अखण्डताको सम्मान गर्नुपर्ने र 'ताइवानको स्वतन्त्रता'को स्पष्ट विरोध गर्नुपर्ने बताएको सीसीटिभीले जनाएको छ ।

# अत्याधिक गर्मीका कारण सय जनाको मृत्यु



**सिन्ह्वा**
**नयाँदिल्ली ।**
भारतको उत्तर प्रदेश र त्यससँग जोडिएको राज्य बिहारमा पछिल्लो तीन दिनमा भीषण गर्मीका कारण मृत्यु हुनेको सङ्ख्या ९८ पुगेको स्थानीय अधिकारीले बताएका छन् ।
गर्मीका कारण उत्तर प्रदेशमा ५४ जनाको मृत्यु भएको छ भने बिहारमा ४४ जनाको मृत्यु भएको छ । अधिकारीहरुका अनुसार गर्मीका कारण बिरामी परी मृत्यु भएका अधिकांश व्यक्ति ६० वर्षभन्दा माथिका रहेका बताइएको छ । भारतीय मौसम विज्ञान विभाग (आईएमडी) को तथ्याङ्कअनुसार शुक्रबार र शनिबार देशका केही भागमा अधिकतम तापक्रम ४२.२ डिग्री सेल्सियस पुगेको थियो । यो सामान्यभन्दा ४.७ डिग्री सेल्सियस बढी हो ।
उत्तर प्रदेशको सबैभन्दा बढी प्रभावित जिल्ला बलिया हो । बलियाका प्रमुख स्वास्थ्य अधिकारीलाई उद्धृत गर्दै स्थानीय सञ्चारमाध्यमले लेखेका छन्, 'सबै व्यक्ति केही न केही रोगबाट पीडित थिए र अत्यधिक गर्मीका कारण उनीहरुको अवस्था बिग्रिएको थियो । बिहीबार २३, शुक्रबार २० र शनिबार ११ जनाको मृत्यु भएको थियो ।' यसबाहेक बलियाको एक जिल्ला अस्पतालमा पछिल्लो तीन दिनमा कम्तीमा ४०० जनालाई भर्ना गरिएको उनले बताए ।
गर्मीका कारण ज्वरो आउने, सास फेर्न गाह्रो हुने र अन्य स्वास्थ्य समस्या देखिएको बिरामीले गुनासो गरेका थिए । जिल्ला प्रशासनका अनुसार बिरामी र कर्मचारीलाई गर्मीको जोखिम हुन नदिन सरकारी अस्पतालमा पङ्खा, एयरकुलर र एयर कन्डिसनरको व्यवस्था गरिएको छ । बिरामीको चापका कारण अस्पतालमा चिकित्सक र प्यारामेडिकल स्टाफको सङ्ख्या बढी रहेको छ ।

# कतार र युएईबीच पुनः कूटनीतिक सम्बन्ध स्थापना



**सिन्ह्वा**
**दोहा ।**
कतार र संयुक्त अरब इमिरेट्स (युएई) ले आफ्नो कूटनीतिक प्रतिनिधित्व पुनःस्थापित गर्ने घोषणा गरेको छ । कतारको अबुधाबीस्थित दूतावास र दुबईस्थित माहावाणिज्य दूतावास र युएईको दोहास्थित दूतावास सोमबारदेखि खुल्ने छन् । कतार न्यूज एजेन्सीका अनुसार दुवै पक्षले यो महत्वपूर्ण कदमले दुवै देशका नेतृत्वको दृढतालाई प्रतिबिम्बित गर्नुका साथै संयुक्त अरब पहलको प्रगतिमा योगदान पुऱ्याउँदै दुई अरब मुलुकको भ्रातृ आकाङ्क्षा पूरा गर्न योगदान पुऱ्याउने कुरामा जोड दिएका छन् ।सन् २०१७ को जुनमा आतङ्कवादलाई सहयोग पुऱ्याएको र क्षेत्रीयस्तरमा अस्तिरता निम्त्याएको भन्दै साउदी अरब, युएई, बहराइन र इजिप्टले कतारसँगको कूटनीतिक सम्बन्ध तोड्ने घोषणा गरेका थिए । कतारले भने यी आरोपको खण्डन गर्दै आएको थियो ।
यद्यपि, सन् २०२१ मा साउदी अरबलगायतका खाडी मुलुकले अल-उलामा भएको ४१ औं खाडी सहकार्य परिषद् शिखर सम्मेलनका क्रममा कतारसँग कूटनीतिक सम्बन्ध पुनः स्थापनाको घोषणा गरेका थिए । तर, कतिपय विषयमा सहमति जुट्न नसक्दा यी देश र कतारबीच पूर्ण सामान्यीकरणको प्रक्रियामा ढिलाइ भएको छ ।

# फाइभ नेसन्स बास्केटबल: नेपालसँग माल्दिभ्स पराजित



**मधेशदृष्टि**
**काठमाडौं ।**
माल्दिभ्समा जारी फाइभ नेसन्स कप बास्केटबल च्याम्पियनसिपको अन्तिम लिग खेलमा नेपालले घरेलु टोली माल्दिभ्सलाई ७५-६८ ले पराजित गरेको छ । मालेमा भएको खेलमा नेपालले सुरुवातदेखि नै अग्रता बनाउँदै माल्दिभ्सलाई दबाबमा राखेको थियो । पहिलो क्वाटर २४-१२ ले आफ्नो पक्षमा परेको नेपालले दोस्रो क्वाटर २२-२१ ले आफ्नो पक्षमा पार्दै ह्याफ टाइममा ४६-३३ को अग्रता बनायो । तेस्रो क्वाटरमा नेपालले १६-६ को अग्रता बनाउँदा समग्रमा ६२-३९ को अग्रता लियो ।
चौथो तथा अन्तिम क्वाटर माल्दिभ्सले २९-१३ ले आफ्नो पक्षमा पारे पनि नेपाललाई जितबाट रोक्न सकेन । अन्तिम क्वाटर गुमाए पनि नेपालले खेल ७५-६८ ले जित्यो । नेपालका लागि मनिस केसीले सर्वाधिक २१ अंक जोड्दा विजय बुर्जाले १३ अंक जोडे ।
पाँच राष्ट्र सहभागी च्याम्पियनसिपमा नेपाल पहिलो खेलमा भुटानसँग पराजित भएको थियो । त्यसयता नेपालले पाकिस्तान, बंगलादेश र माल्दिभ्सलाई पराजित गर्दै लगातार तेस्रो खेल जितेको हो ।
तीन जित र एक हारको नतिजाबाट ७ अंक जोडेको नेपाल लिग चरण शीर्ष स्थानमा रह्यो । तीन खेल नै जितेको पाकिस्तान नेपालसँग समान अंक जोडे पनि दोस्रो स्थानमा रह्यो । समान ६ अंक जोडेका बंगलादेश र भुटान तेस्रो र चौथो स्थानमा रहे । घरेलु टोली माल्दिभ्स भने ४ अंक जोडेर लिग चरणबाटै बाहिरियो ।

# ब्लिन्केनसँगको वार्ता उपलब्धिमुलक : चिनियाँ राष्ट्रपति



**एएफपी**
**बेइजिङ ।**
चिनियाँ राष्ट्रपति सी चिनफिङले अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनसँग बेइजिङमा सोमबार भएको वार्तामा अमेरिका र चीनले थुप्रै विषयमा 'प्रगति' गरेको बताएका छन् । शक्तिशाली चिनियाँ राष्ट्रपतिसीले स्थानीय समयअनुसार अपराह्न ४ः३० बजेपछि राजधानीको ग्रेट हल अफ द पिपुलमा ब्लिन्केनसँग भेटवार्ता गरेको चिनियाँ सरकारी सञ्चारमाध्यम र अमेरिकी अधिकारीले जनाएका छन् ।
'चिनियाँ पक्षले हाम्रो स्थिति स्पष्ट पारिसकेको छ र राष्ट्रपति बाइडेन र हामी (चिनियाँ राष्ट्रपति सी र अमेरिकी राष्ट्रपति बाइडेन) ले बालीमा गरेको साझा समझदारीलाई पालना गर्न दुवै पक्ष सहमत हुनुपर्छ,' सीले शीर्ष अमेरिकी कूटनीतिज्ञसँग भने । 'दुई पक्षले प्रगति पनि गरेका छन् र केही खास विषयमा सहमति पनि गरेका छन्', उनले थपे ।
'मलाई आशा छ, विदेशमन्त्री ब्लिन्केनले यो भ्रमणमार्फत चीन-अमेरिका सम्बन्धलाई स्थिर बनाउन सकारात्मक योगदान दिन सक्नुहुनेछ,' सीले भने । ब्लिन्केनले अन्य उच्च चिनियाँ अधिकारीसँग दुई दिनसम्म १० घण्टाभन्दा बढी छलफल गरेपछि राष्ट्रपति सीसँग करिब आधा घण्टा लामो वार्ता गरेका थिए । विश्वका दुई ठूला अर्थतन्त्र भएका मुलुकबीचको सम्बन्धमा गम्भीर तनाव उत्पन्न भएपछि करिब पाँच वर्षयता भएको बहालवाला उच्च अमेरिकी अधिकारीको चीन भ्रमणलाई विश्व समुदायले विशेष चासोले हेरेको छ ।

# पहिलो पटक 'स्पेन' नेसन्स लिग च्याम्पियन




**मधेशदृष्टि**
**काठमाडौं ।**
स्पेनले युइएफए नेसन्स लिगको उपाधि जितेको छ । आइतबार राति भएको फाइनलमा क्रोएसियालाई पेनाल्टी सुटआउटमा ५-४ ले पराजित गर्दै स्पेन पहिलो पटक नेसन्स लिगको च्याम्पियन बनेको हो । नेदरल्याण्ड्सको रोटरडममा भएको फाइनलको निर्धारित र अतिरिक्त समयमा गोलरहित बराबरीमा सकिएपछि खेल पेनाल्टी सुटआउटमा पुगेको थियो । स्पेनका लागि डानी कार्भाजलले विजयी गोल गरे । त्यसअघि स्पेनका गोलकिपर उनाई सिमोनले क्रोएसियाका ब्रुनो पेटकोभिचको पेनाल्टी बचाएका थिए ।
पेनाल्टीसुटआउटमा स्पेनका लागि जोसेलु, रोड्री, मिकेल मोरेनो, मार्को असेन्सियो र कार्भालले गोल गरे । एमरिक लापोर्टाले गोल गर्न सकेनन् । क्रोएसियाका लागि निकोला भ्लासिक, मार्सेलो ब्रोजोभिच, लुका मोडरिच र इभान पेरिसिकले गोल गरे । लोभ्रो माजे र र पेटकोभिचले गोल गर्न सकेनन् । स्पेनले ११ वर्षपछि अन्तर्राष्ट्रिय फुटबलम पहिलो पटक उपाधि जितेको हो । यसअघि स्पेनले २०१२ मा युरो जितेको थियो ।

**नेसन्स लिगमा 'इटली' तेस्रो**
नेदरल्याण्ड्सलाई पराजित गर्दै इटली नेसन्स लिग फुटबलमा तेस्रो भएको छ । आइतबार राति तेस्रो स्थानको लागि भएको भएको खेलमा इटलीले नेदरल्यान्ड्सलाई ३-२ ले हरायो । छैटौं मिनेटमा फेडेरिको डिमार्को र २० औं मिनेटमा डेभिड फ्रातेसीले गोल गर्दै इटलीलाई पहिलो हाफमै २-० को अग्रता दिलाएका थिए ।
६८ औं मिनेटमा स्टेभन बेर्जविनले गोल गर्दै नेदरल्याण्ड्सलाई खेलमा फर्काउने प्रयास गरेका थिए । तर ७२ औं मिनेटमा फेडेरिको चिसाले गोल गर्दै इटलीलाई ३-१ को अग्रता दिलाए । नेदरल्याण्ड्सका जर्जिनियो विज्नाल्डमले ८९औं मिनेटमा गोल गरेपनि इटलीलाई जितबाट रोक्न सकेन ।

# दशकपछि रियल मड्रिड फर्किए 'जोसेलु'



**मधेशदृष्टि**
**काठमाडौं ।**
स्पानिस फरवार्ड जोसेलु एक दशकपछि रियल मड्रिड फर्किएका छन् । रियलले जोसेलुलाई ला लिगाकै क्लब स्पानयोलबाट एक सिजनका लागि लोनमा अनुबन्ध गरेको हो । आगामी सिजनको अन्त्यमा जोसेलुलाई किन्ने विकल्प समेत रियलसँग छ ।
स्पानयोल रेलिगेसनमा परे पनि ३३ वर्षीय जोसेलु गत सिजन १६ गोल गर्दै ला लिगामा सर्वाधिक गोल गर्नेमा तेस्रो स्थानमा थिए । उनी रोवर्ट लेवान्डोस्की र करिम बेन्जेमा भन्दा पछि रहे । करिम बेन्जेमा साउदी क्लबमा अनुबन्ध भएपछि रियलले जोसेलुलाई लोनमा भित्र्याएको हो । उनले यसअघि २०११-१२ मा रियलबाट खेलेका थिए । त्यसपछि जर्मनी र इंग्लिस लिगमा खेल्दै २०१९ मा स्पेनकै अलचाभेजमा फर्किएका थिए ।
२०२२ सम्म अलाभेजबाट खेलेका उनी त्यसपछि स्पानयोल पुगेका थिए । उनले जर्मनीमा होफेनहेइन, एनट्राट फ्रांकफर्ट र हानओभर ९६ तथा प्रिमियर लिगमा स्टोक सिटी र न्युकासलबाट खेलेका थिए ।
उनले सर्ल्टा बीबाट करियर सुरु गर्दै सेल्टाको सिनियर टिममा खेलेपछि २००९ मा रियल मड्रिडको बी टिममा आबद्ध भएका थिए ।
त्यसपछि २०११ मा रियलको सिनियर टिममा डेब्यु गरेका थिए । गत मार्चमा स्पेनको राष्ट्रिय टिममा डेब्यु गरेका उनले डेब्यु खेलमै नर्वे विरुद्ध दुई गोल गरे । भर्खरै सम्पन्न युइएफए नेसन्स लिगको सेमिफाइनलमा इटली विरुद्ध २-१ को जितमा उनले स्पेनका लागि विजयी गोल गरेका थिए ।

## चन्द्रनगरमा बालिका सम्मेलन

# उपाध्यक्ष भन्छिन्, 'हुँदैन' अध्यक्ष भन्छन्, 'भव्य हुन्छ'



**सुरेश यादव**
**जनकपुरधाम ।**
चन्द्रनगर गाउँपालिकामा पछिल्लो एक सातादेखि बालिका सम्मेलनको विषय चर्चामा छ । आर्थिक वर्ष २०७९/०८० को गाउँसभाले पारित गरेको गाउँपालिकाको बजेटमा उल्लेख रहेको बालिका सम्मेलन नियमतःनिर्धारित समयसीमा भित्रै सञ्चालन हुनुपर्ने हो । सोही अनुरुप
तयारी पनि गरिएको थियो । अन्तिम समयमा विवाद उत्पन्न भयो र सम्मेलन रोकियो ।
बालविवाह अन्त्य र उच्च शिक्षामा छोरीको पहुँचमा वृद्धि अभियान अन्तर्गत चन्द्रनगर गाउँपालिकाले असार २ गते नाढीमन ताल परिसरमा बालिका सम्मेलन आयोजना गर्ने कार्यक्रम तय गरेको थियो । उच्चशिक्षा अध्ययनरत चन्द्रनगर गाउँपालिकाका छोरीहरुलाई सम्मेलनमा अनुदान रकम उपलब्ध गराउने र त्यस उपरान्त नियमित रुपमा प्रोत्साहन अनुदानको थालनीगर्ने योजना थियो । यसका लागि स्नातकतहमा अध्ययनरत छोरीहरुलाई अनुदान रकम मागगर्दै गाउँपालिकाको कार्यालयमा निवेदन दिन जेठ २८ गते नै आह्वान गरिसकेको छ । उक्त रकम समेत लिनेगरी सम्मेलनमा सहभागी हुन प्रमुख प्रशासकीय अधिकृत मदनबहादुर थिङले सार्वजनिक रुपमा सूचना नै जारी गरिसकेका थिए । तर, सम्मेलन रोकिए लगत्तै सबै योजना तत्कालकालागि स्थगन भएको छ ।
गाउँसभाले पारित गरेको सम्मेलनकिन रोकियो ?
गाउँपालिकाकी उपाध्यक्ष गिता देवी महतो भन्छिन्, 'गाउँपालिका अध्यक्षले आफु खुशी कामगर्ने अनि हामीलाई सोध्दै नसोध्ने ?' आफु एक महिला भएको र महिलाको हितमा आयोजना हुने बालिका सम्मेलन रोक्ने कुरा सोच्दै नसोच्न आग्रहगर्दै उनले भनिन्, 'बालिका सम्मेलन हाम्रो सरोकार होइन । मुख्य कुरा हामीलाई वास्ता नै नगरी अध्यक्षले एक्लौटी रुपमागर्ने कुनै पनि योजना अगाडी बढ्न दिन्नौं ।' उनले आफुसमेत माओवादीबाट प्रतिनिधित्वगर्ने १५ जना गाउँसभा सदस्यको सहमति बिना बालिका सम्मेलन हुन नदिने जिकिर गरिन् ।
चन्द्रनगर गाउँपालिकाको वडा नं. ३ काअध्यक्ष सीताराम महतोले बालिका सम्मेलनले केही नहुने बताउँदै उक्त सम्मेलनको नाउँमा हुने खर्च रकमले विकास गर्नुपर्ने बताउँछन् । विकास भनेको सडक र भौतिक पूर्वाधार बुझेका वडा अध्यक्ष महतोले भने, 'हाम्रो मुखियाजी -गाउँपालिका अध्यक्ष) धेरै पढेलेखेका हुन् । उहाँको सोच धेरै ठूलो छ । तर, हामीलाई वाइपास गरेर हुन्छ ?हामीलाई समान्य महत्व नदिएर उहाँले सयौं हजारौंको संख्यामा बाहिरका मानिसलाई बोलाएर सम्मेलनको कुरा गर्नुहुन्छ त्यसैले हामीले रोकेका हौं ।'
असार २ गते सम्मेलनको लगभग तयारी पुरा भइसकेको अवस्थामा अघिल्लो दिन प्रमुख प्रशासकीय अधिकृतलाई ज्ञापन पत्र बुझाउँदै उपाध्यक्ष महतो समेत माओवादी तर्फबाट रहेका १५ जना जनप्रतिनिधिले सम्मेलन रोक्न भनेका थिए । ज्ञापनपत्रको पनि सुनुवाइ नभएपछि २ गतेदेखि रिले अनसन बस्नुपरेको बताउँदै वडा अध्यक्ष सीताराम महतोले गाउँपालिका अध्यक्ष राजकुमार महतोले आफुहरुलाई मतलबै नगरेको गुनासो गरे ।
'हामीले कुनै कुरामा चित्त नबुझेपछि अनसनमा बसेपछि गाउँपालिका अध्यक्षले समन्वय र वार्ता गर्नुपर्ने होइन र ?' महतोले मधेशदृष्टिसँग भने, 'हामी अनसनमा बसेको बेला सोध्न पनि आउनुभएन । हामीलाई लावारिस जस्तै छोड्दिनुभयो । अन्त्यमा हामीले प्रमुख प्रशासकीय अधिकृतलाई अनसन स्थलमा बोलायौं । उहाँपनि नआएपछि बाध्य भएर हाम्रै माओवादी नेता लोकेन्द्र मुखियाको हातबाट अनसन तोड्न बाध्य भयौं । अनि भन्नुस्, हामीले कसरी गाउँपालिका अध्यक्षको कुरा मान्ने ?'
'वडामा गएको बजेटको आधा रकम पनि खर्च भएको छैन । एनजिओ मार्फत के काम भइरहेको छ हामीलाई नै थाहा छैन । कार्यक्रम भइसक्यो भन्छन् । महोत्सव र भोज गरेर के हुन्छ ?विकास गर्नुपर्‍यो नि ' वडा अध्यक्ष सीताराम महतोले भने, 'ज्ञापन पत्र पनि बुझाउँदा वास्ता गरिएन । मुखियाजीको हठ हो यो ।कार्यपालिका र परिषद्को बैठकबाट छलफल गरेर काम गरियोस् । जबरजस्ती गरे, रोक्छौं ।'
गाउँपालिका अध्यक्ष राजकुमार महतोले संविधानको मर्म र सामाजिक न्यायलाई सम्बोधनगर्न चन्द्रनगर गाउँपालिकाले उदाहरणीय रुपमा बालविवाहको अन्त्य र छोरीलाई उच्चशिक्षामा पहुँच बढाउन बालिका सम्मेलनको अवधारणा ल्याएको बताए । यस्तो उदाहरणीय काममा पनि बहुमत र अल्पमतको खेलमा पालिकालाई धारासायीगर्ने गरी विपक्षीदलका प्रतिनिधिहरुले अधिकारको दुरुपयोग गरिरहेको आरोप अध्यक्ष महतोको छ । उनले राम्रोलाई राम्रो र गलतलाई गलत भन्नुको साटो पालिका स्तरको राजनीतिमा पनि पक्ष र विपक्षको फोहोरी अभ्यासले कसैको भलो नहुने जिकिर गरे ।
गाउँसभाको नियमित बैठकले पारित गरेको नीति तथा कार्यक्रम कार्यान्वयनगर्ने जिम्मेवारी कर्मचारीको भएको उल्लेख गर्दै अध्यक्ष महतोले योजना निर्माणको ज्ञान नभएका जनप्रतिनिधिले कार्यान्वयनको चरणमा अनावश्यक हस्तक्षेप गर्दा पालिकाले कर्तव्य पालनागर्न चुकिरहेको दुखेसो पोखे ।
अध्यक्षले नियम र कानुन अनुसार तय भएको बालिका सम्मेलन अवश्यहुने र अझ भव्य रुपमा सम्पन्न गरिने गाउँपालिका अध्यक्ष महतोको भनाइ छ ।
१५ जना सदस्य रहेको चन्द्रनगर गाउँकार्यपालिकामा अध्यक्ष महतो प्रतिनिधित्व गरिरहेको नेपाली कांग्रेसका जम्मा ३ जना सदस्य छन् । ३९ जनाको गाउँसभामा जम्मा ९ जना कांग्रेसका छन् । नेतृत्वमा भएपनि अल्पमतको कारण काम गर्न निकै कठिनाइको सामना गर्नुपरिरहेको उनको भनाइ छ । 'विकासका मुख्य खम्बाहरुलाई बराबर रुपमा उचाइदिनु आवश्यक छ । एउटा पिलर अग्लो र अर्को होचो भयो भने विकासको तालमेल मिल्दैन भने त्यो अर्थपुर्ण पनि रहँदैन' गापा अध्यक्ष महतोले भने, 'विकासको एउटा अंग पूर्वाधार पनि हो । तर, यहाँ सडक ढलान, माटो, ग्राभेल र दलानलाई मात्रै विकास बुझ्न थालिएको छ । जनप्रतिनिधिमा देखिएको यस्तो अल्पज्ञानले पालिकालाई स्मुथली संचालन गर्न समस्या हुनु स्वभाविक हो ।'
महतोले विकासको समग्र सूचकलाई ध्यानमा राखेर अगाडी बढ्न नसके अहिलेको राजनीतिक व्यवस्थाप्रति जनतामा नैराश्यता बढ्दै जाने र यसले अन्ततः संघीयता कमजोर पर्ने बताए । यस्तो अवस्थालाई तत्काल सही मार्गमा डोऱ्याउन संघीयतावादी शिर्ष नेताहरुको चेतना गाउँपालिका र वडासम्म पुग्नुपर्ने उनको भनाइ छ ।

# आज गहवामाईको भव्य रथ यात्रा निकालिने





**मधेशदृष्टि**
**वीरगंज ।**
गहवामाई मन्दिरको ११ औ वार्षिकोत्सबको अवसरमा आज मंगलबार भव्य रथ यात्रा निकालीने भएको छ । गहवामाई मन्दिर परिसरबाट विहान ६ बजे निकालिने रथ यात्राको सम्पूर्ण तयारी पुरा भएको आयोजक समितिका संयोजक श्याम पोखरेलले बताएका छन् ।
रथलाई गहवामाई मन्दिरको आकृतिसँग मिल्दोजुल्दो गरी बनाईएको छ । नेपाल र भारतका ख्याति प्राप्त कालीगढहरुले निर्माण गरेको हिन्दुहरुको आस्था गहवामाईको वीरगंजको इतिहासमै पहिलो पटक रथ यात्रा निकाल्न लागिएको र सो धार्मिक यात्रामा ३० देखि ३५ हजार भक्तजनहरु सहभागी हुने अनुमान गरिएको समितिका अध्यक्ष पोखरेलले बताए । कार्यक्रमलाई भब्य र सभ्य पार्न बारा, पर्सा र रौतहटका भक्तजनहरुलाई रथ यात्रामा सहभागि हुन आह्वान गरिएको छ । गहवामाई मन्दिरको ११ औँ बार्षिकउत्सवको अवसर पारेर रथ यात्रा निकाल्न लागिएको हो ।
गहवामाई मन्दिर समितिले अव हरेक बर्ष स्थापना दिवसको अवसर पारेर रथ यात्रा निकाल्ने निर्णय गरेको अध्यक्ष पोखरेलले जानकारी दिए । रथयात्रा बिहान ६ बजे गहवामाई मन्दिरको प्राङ्गणबाट निकालेर रेलवे रोड हुँदै स्वर्गिय गिरिजा प्रसाद कोइरालाको छपकैया स्थित शालिकबाट घुमेर मेनरोड हुँदै अलखियामठ, आदर्शनगर, माईस्थान भएर पुन गहमावमाई मन्दिरमा पुगेर समापन गरिने आयोजक समितिले जनाएको छ ।
रथ यात्रा सहभागि हुनेहरुलाई तयारीका साथ मंगलवार विहान ५ बजे गहवामाई मन्दिर परिसरमा आई पुग्न आउन आयोजक समितिले आह्वान समेत गरेको छ । रथ यात्राको क्रममा रुटमा पर्ने विभिन्न स्थानमा यात्रामा संलग्न व्यक्तिहरुलाई निःशुल्क रुपमा पानी तथा सरवत खुवाउने व्यवस्था समेत वीरगंजका विभिन्न सामाजिक संघ संस्थाहरुले गरेका छन । रथयात्रा पछि मंगलबार नै मन्दिर परिसरमा वृहत रुपमा भजन किर्तनको आयोजना गरिने र ६ गते साँझ महाप्रसाद वितरण गरी कार्यक्रम समापन गरिने गहवामाई मन्दिर व्यवस्थापन समितिले जनाएको छ ।

# फास्ट ट्र्याक निमार्णको काम सुस्त गतिमा



**मधेशदृष्टि**
**वीरगंज ।**
तराईलाई काठमाण्डौसँग जोडने छोटो दुरीको मार्ग फास्ट ट्र्याक निर्माणको काम सुस्त गतिमा भएपछि मध्यतराई तथा वारा, पर्साका स्थानिय वासिन्दामा निरासा छाएको छ ।
निर्माण शुरु भएको ७ बर्ष वितिसक्दा समेत ५० प्रतिशत काम पनि सम्पन्न नहुँदा स्थानियमा निरासा छाएको हो ।
यसैविच भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले २०८३ सालभित्र काठमाण्डौ-तराई द्रुत मार्ग फास्ट ट्र्याकको निर्माण सम्पन्न गर्ने बताएका छन् । सोमबार प्रतिनिधि सभा अन्तर्गतको पूर्वाधार विकास समितिको बैठकमा मन्त्री ज्वालाले काठमाण्डौ-तराई द्रुत मार्गको निर्माण २०८३ सालभित्र सम्पन्न गर्ने कार्ययोजना बनाएको बताएका हुन् ।
उनले हालै प्रधानमन्त्रीसहितको टोलीले द्रुत मार्गको स्थलगत निरीक्षण समेत गरेको बताउदै अब लामो समय नलगाउने गरी महँगोमा भए पनि तीन वर्षभित्र सम्पन्न गर्ने सरकारको योजना रहेको बताए ।
उनले फास्ट ट्र्याक निर्माण छिटो होला भनेर सरकारले विगतमा नेपाली सेनालाई निर्माणको जिम्मा दिएको बताउदै निर्माणको क्रममा विभिन्न कारणले ढिलो भए पनि अहिले काम तीव्ररूपमा अघि बढने दावी गरे ।
२०८० सालमा निर्माण सम्पन्न गर्ने गरी २०७३ साल जेठ १४ गते तत्कालिन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नै फास्ट ट्र्याकको उद्घाटन गरेका थिए ।






# युवाहरुको सक्रियता आवश्यक रहेको मेयर सिंहको भनाई




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले वीरगंज बनाउने अभियानमा युवाहरुको सक्रिय सहभागिताको आवश्यकता रहेको बताएका छन् ।
नेपाल युवा उद्यमी मंचको तेस्रो साधारणसभाको सोमबार वीरगंजमा उद्धाटन गर्दै उनले आफ्नो ठाउँ बनाउन युवाहरु नै अग्रसर हुनु पर्नेमा जोड दिए । उनले आफ्नो उर्जाको स्रोत नै युवाहरु भएको बताउदै वीरगञ्ज बनाउने अभियानमा युवाको सक्रिय सहभागिताको आवश्यकता रहेको कुरामा जोड दिए । नगर प्रमुख सिंहले युवा उद्यमीहरुमा सक्रियताको कमी भएको महशुस आफूले गरेको बताउदै बैभव वीरगंज बनाउन आफूलाई युवा उद्यमीको साथ चाहिएको कुरामा जोड दिए । नवप्रवर्तन तथा नयाँ उद्यमका लागि युवाहरुले अघि सारेको योजना कार्यान्वयन गर्न महानगर काँधमा काँध मिलाएर हिंड्न तयार रहेको बताउदै नगर प्रमुख सिंहले कुन उद्योग संचालन गर्दा वीरगंजलाई फाइदा हुन्छ, यहाँका युवाहरुले अवसर पाउँछन्, त्यस्ता योजनामा महानगर सँधै युवाहरुलाई सहयोग गर्न तयार रहेको दावी गरे । कार्यक्रममा वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल अग्रवाल, संघका पूर्व अध्यक्ष सुबोध कुमार गुप्ता, नेपाल भारत मैत्री संघका केन्द्रिय अध्यक्ष अशोक वैद्य, मधेश प्रदेश उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष गणेश लाठ, युवा उद्यमी मञ्चका निवर्तमान अध्यक्ष अनुप अग्रवाल लगायतको सहभागिता रहेको थियो ।

# अनियमित विद्युत आपुर्तिले जनमानस सास्ती खेप्दै



**मधेशदृष्टि**
**वीरगंज।**
प्रचण्ड गर्मीसँगै विगत एक महिना देखि वीरगंजमा अनियमित बिद्युत आपूर्तिको कारण वीरगंज लगायत वारा, पर्साका स्थानिय वासिन्दाले सास्ती खेप्दै आएका छन् । नेपालमा मनसुन प्रवेश गरेपनि बारा र पर्सामा अझै पानी पर्न सकेको छैन, त्यसमाथि पटकपटकको विधुत कटौतीले सर्वसाधारण थप मारमा परेका छन्।
पर्सामा जेठको पहिलो सातादेखि गर्मी बढेसंगै अनियमित विधुत कटौतीले सर्वसाधारणको जिवन थप कष्टकर बन्दै गइरहेको छ। पटकपटक हुने गरेको विधुत ट्रिपीङले बालबालिकादेखि वृद्ध वृद्धासम्मलाई सास्ती भोग्न बाध्य छन् भने विधुतिय उपकरणहरुमा समेत क्षति पुगेको छ । बढदो गर्मी त्यसमाथि लो भोलटेजका कारण अस्पतालहरुमा समेत विरामीहरु प्रभावित भएका छन् । छिनछिनमा विधुत आउने जाने समस्याले उद्योग कल कारखानादेखि कार्यालयमा काम गर्ने कर्मचारीसम्म सास्ती खेप्न बाध्य छन् । उत्पन्न समस्या समाधानका लागि नेपाल विधुत प्राधिकरणले दिर्घकालिन सामाधानतर्फ खासै चासो नदेखाउदा प्रत्येक वर्ष अघोषित लोडसेडिङले वीरगंज सहित वारा पर्सामा गर्मीको मौसममा जनजीवन प्रभावित भएको छ । गर्मीले खानेपानीको चापाकल धारा सुकेको कारण वीरगंज नै खानेपानीको समस्या भोगी रहेका नगरवासी यता विद्युत आपूर्तिमा भई रहेको ट्रिपिङ्गको कारण थप मारमा परेको वीरगंज छपकैया निवासी अन्जना मलिकले बताए । प्रचण्ड गर्मीको बेला यसरी लाईन जानुले उपभोक्ताहरु मारमा परेको भन्दै विभिन्न राजनीतिक दलहरुले प्राधिकरण वीरगंज वितरण केन्द्रमा ज्ञापन पत्र बुझाई आनदोलन गर्ने चेतावनी समेत दिएका छन् । तर, विधुत कटौतीको समस्या भने समाधान हुन सकेको छैन । अघोषित लोडसेंडीङले यहाँका उद्योगी व्यवासीहरु समेत हैरान छन् ।
पटक पटक लाईन जाने समस्याले उत्पादनमा कमी आएको वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल अग्रवालले बताए । गर्मीयाममा उद्योग कलकारखाना सहित पर्सामा २ सय २० मेगावाट भन्दा बढी विधुतको माग रहेको छ । तर विधुत प्राधिकारण वीरगंज वितरण केन्द्रले जम्मा १ सय ७० मेगावाट आपूर्ति गरिरहेको छ । वीरगञ्जमा मात्रै दैनिक ६० मेगावाट विजुली आपूर्ति भइरहेको छ। अघोषित लोडसेडिङको समस्याको सम्बन्धमा विधुत प्राधिकरण वीरगंजले रेडिमेड जवाफ दिएको छ । माग र आपूर्तिको असन्तुलका कारण विधुत ट्रिपीङको समस्या छ, उक्त समस्याको समाधानका लागि नगरका विभिन्न ठाउँमा ट्रान्सफमर लगाउने कार्य शुरु हुने नेपाल विधुत प्राधिकरण वीरगंज वितरण केन्द्रका प्रमुख अवधेश कुमार झाले बताए।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन